# कठिन ढोका

धन्यवाद तपाईलाई भाई नेभिल। परमप्रभुको घरमा फर्केर आउन पाउनु कति असल कुरा हो। म जहाँकहिँ गए तापनि, मण्डलीमा फर्केर आउन पाउदा आनन्द मनाउछु। त्यहाँ त्यो सानो पुरानो स्थलमा केहि छ जहाँ मलाई फर्केर आउन मन पर्छ। यो मात्र, ओ, यो नै मेरो पहिलो र मात्र एउटा मण्डली हो जहाँ मैले पाष्टरको काम गरेको छु, र फेरी यहाँ फर्केर आउन पाएको देख्दा खुसी लागेको छ। र म विश्वास गर्छु कि त्यस महान् बिहानीमा जब सूर्यले आफ्नो किरण दिन इन्कार गर्छ र ताराहरुले आफ्नो चमक दिन छोड्छ, म विश्वास गर्छु कि त्यहाँ त्यस दिनमा यस मण्डलीका केहि व्यक्तिहरु उपस्थित हुनेछ जो थूमाको रगतले धोईएकाछन्। म त्यो समयलाई हेर्दैछु।

2 जसै म कोठाबाट भएर भर्खर आए, मैले बहिनी अर्गनब्राईटलाई त्यहाँ भेटे। र उहाले मलाई भन्दै हुनुहुन्थ्यो कि यहाँ केहि मानिसहरु हुनुहुन्छ जो किंगस्टोनको सभामा हुनुहुन्थ्यो, जो त्यो समयमा भेट्न आउनुभएको थियो। र उहाहरुलाई यहाँ एउटा गवाहिको रूपमा पाउदा म अत्यन्त खुसी छु। जहाँकहिँ तिनीहरु हुनुहुन्छ, यदि तिनीहरुले आफ्नो हात माथि उठाईदिनुभए हुन्थ्यो, जो जमाईकाको किंगस्टोनको सभामा हुनुहुन्थ्यो। मात्र, अ, पछाडि पछाडि। ठिक छ, त्यो ठिकै छ।

3 मैले ओरलको पोस्ट कार्ड हेरे। मलाई लाग्छ तपाईले उहाको सभाहरुको घोषणा गरिसक्नु भएको छ। मलाई यो तबसम्म थाहा थिएन, हिजोको मितिसम्ममा थाहा थिएन। मलाई लाग्छ यो छ तारिकमा शुरू हुन्छ, होइन र? पन्ध्रौबाट छैठौमा, लुइसभिलमा भाई रोबर्ट्र्स। अब गएर उहालाई सुन्नुहोस्। भाई रोबर्ट्र्स मेरो विश्वासिलो मित्र हुनुहुन्छ, र ख्रीष्टको एउटा वास्तविक दास हुनुहुन्छ। र म निश्चित छु कि रात पछि रातमा तपाईले उहाको संदेशमा आनन्द लिनुहुन्छ। र जसै उहाले बिमारीहरुको निम्ति प्रार्थना गर्नुहुन्छ, म पक्का छु कि तपाईले परमेश्वरको गतिविधि देख्नुहुनेछ, किनभने उहा विश्वासको महान् योद्धा हुनुहुन्छ, भाई रोबर्ट्र्स त्यो व्यक्ति हुनुहुन्छ जसलाई परमेश्वरले शक्तिशाली रूपमा प्रयोग गर्दै हुनुहुन्छ। र उहाको सेवकाई माथि पढेको छ...

4 मलाई याद छ जब मैले पहिलो पटक भाई रोबर्ट्सलाई भेटेको थिए, उहा त्यो एउटा सानो पुरानो पालमा हुनुहुन्थ्यो त्यो सेन्ट. लुइस, मिसौरीमा, र म...होइन, कान्सास शहर, मिसौरीमा थियो। र म चाहि कान्सास शहर, कान्सासको सभागृहमा थिए। उहा अगाडिको कुर्सीमा बस्नुभयो। सेवा सकिसके पछि, हामी पछाडि तिर चारैतिर गयौ र कुराकानी गर्दैथियौ। तिनीहरुले मलाई उहासंग परिचय गराए। उहा मभन्दा जवान हुनुहुन्छ; ओरल उहाको चालीसौ आरम्भमा हुनुहुन्छ। र त्यसैले उहाले भन्नुभयो, "तपाईलाई लाग्छ बिमारीको निम्ति परमेश्वरले मेरो प्रार्थना सुन्नुहुन्छ?"

मैले भने, "भाई, उहाले हरकोहि प्रार्थना सुन्नुहुन्छ जसले प्रार्थना गर्छन्।" र, उहाले शुरू गर्नुभयो र उहाले भन्नुभयो, "यहा म प्रार्थना गर्न जादैछु!"

5 र उहा एउटा अति विद्वान व्यक्ति हुनुहुन्छ, र उच्च शिक्षा हुनुभएको छ, चार वर्षको मनोचिकित्सा, र निश्चय छु कि उहा एउटा उत्कृष्ट व्यक्ति हुनुहुन्छ। र उहा अहिले यस्तो एउटा ठाउमा हुनुहुन्छ जहाँ उहासंग एउटा सल्लाहाकार कर्मचारी आसपास छन्, र अरु कुराहरु, तबसम्म, जब उहाले बोल्नुहुन्छ, उहाले सोच्नुहुन्छ। र म पक्का छु, तपाईले वास्तवमै उहाको आनन्द लिनुहुन्छ।

6 र त्यसैले अब जमाईका र पुएर्तो रिको को हाम्रो सानो विनम्र सभामा परमप्रभुले के गर्नुभयो त्यसको म एउटा सानो प्रतिवेदन दिन चाहन्छु। म त्यो एउटा अनौठो कुराबाट भएर गए, किनभने धेरै कलहरु आयो। जस्तो यहाँ लियोलाई थाहा छ, कि फोन...र त्यो एउटा हप्ताभरी, त्यहाँ साच्चै नै सयौ स्थानको सभाहरुको निम्ति कलहरु आयो। तरै पनि म जहाँ गए पनि त्यसको लागि अगुवाई भएको म चाहन्छु...यदि म त्यहाँ आए किनभने मलाई मानिसले आउनको निम्ति पठायो, त्यो हो भने म त्यो मण्डली अथवा संस्थाको नाउमा आएको हूँ। यदि म गए किनभने भाई नेभिलले म जानुपर्छ भनि भन्नुभयो, म भाई नेभिलको नाउमा भएर जानुपर्छ। तर मलाई तब जानु मन लाग्छ जब येशूले पठाउनुहुन्छ, ताकि तपाई परमप्रभुको येशूको नाउमा, मानिसहरुलाई भेट्न जान सकोस्।

7 र म पलंगमा पल्टिरहेको थिए, र म थोरै थकित भएको थिए। यो उपत्यका...चाडो या ढिलो, मैले यो उपत्यका छोड्नुनै पर्नेछ, किनकि यसले मात्र मेरो गला बिगारिरहेको छ जुन ठाउमा मात्र म उभिन सक्दिन।

म टाढा गएर फर्केर आउन सक्छु...हामी केहि अगाडि को दिनमा आएका थियौ, लियो र म, चालिस मिल भित्र, फ़्लोरिडाको धसानमा आएपछि, र मेरो घाटी सबै खुलियो, र लुइसभिलको चालिस मिल भित्र त्यो फेरी बन्द भयो। भाई ब्यांक्स वूड यस बिहानी यहाँ कहिँ हुनपर्ने हो। र केहि दिन अगी किंगस्टोन र पुएर्तो रिकोबाट आउदै गर्दा, जहाँ मेरो गला एकदम ठिक अवस्थामा थियो; र म हवाईजहाजबाट उत्रिए, अझै पनि ठिकै थियो; र हामी जेफेरसनभिलमा पुग्नु भन्दा अगाडि, यो फेरी बन्द भयो। बुझ्नुभयो, यो यहाँ उपत्यकाको कारण हो। यो हावाको किटाणु हो, या हुनसक्छ परमेश्वर स्वयमले मलाई यहाबाट टाढा लान खोज्नुभएको होला। त्यसैले मैले त्यो बुझिन। मैले प्रार्थना गरेको थिए र धेरै पटक मागेको छु।

8 तर, यद्धपि, म भर्खरै उठेको छु; त्यो लगभग बिहानको तिन बजे थियो। र मेरी श्रीमती र सानो केटा निन्द्रामा थिए। र म पलंगको अर्को तर्फ उठे, र मैले धेरै संख्यामा मानिसहरु एउटा ठुलो ठाउमा भेला भएको देखे, र मैले बिल्ली पललाई भने, "तिमी त्यहाँ जाउ र ती मानिसहरुलाई प्रार्थनाको कार्ड देउ।"

9 उसले भन्यो, "हुन्छ बाबा।" केहि मिनेट पछि उ फर्केर आयो, र भन्यो, "तपाईले ती मानिसहरुलाई प्रार्थनाको कार्ड दिनसक्नुहुन्न।" उसले भन्यो, "तपाईले देख्नुभयो यो मान्छे यहाँ उभिरहेको?"

मैले भने, "अँ देखे।"

10 उसले भन्यो, "उनी यहानिर थियो, र मैले भने, 'सबैजनाले प्रार्थनाको कार्ड चाहेका छन्, आफ्नो हात पक्रिउ।'" र भन्यो, "म उसलाई प्रार्थनाको कार्ड दिनलाई त्यहाँ गए, उ चाहि अन्तै कुनै ठाउमा गयो। र त्यसपछि म त्यहाँनिर गए, र उ चाहि अर्को कुनै ठाउमा थियो। र अब उ चाहि यहाँ निर छ।" भन्यो, "मैले एउटा पनि प्रार्थनाको कार्ड दिन सकिन।"

11 मैले भने, "ठिक छ, बिल्ली, तिमीले त्यो प्रार्थनाको कार्ड दिन पर्दैन, किनभने त्यहाँ यति ठुलो जगा छ यहाँसम्म कि सबैजनाले..." प्रार्थनाको कार्ड भनेको दंगा मचाउनु हो...तिमीले बुझ्यौ, र तिनीहरुलाई क्रममा राख्नु हो। मैले भने, "ओ, मैले सबै जनालाई त्यहाँ लान सक्छु, मलाई जति जगा मिलेको छ त्यो भन्दा धेरै होइन।"

12 र उसले भन्यो, "सबै ठिक छ।" र उ दाँयातर्फ फर्कियो र मबाट टाढा गयो। र जसै उ *अर्को* तर्फ गयो, र म *यो* तर्फ वरपर फर्किए, मात्र उसलाई हेर्दै थिए।

13 र मैले एउटा आवाज स्वर्गबाट आईरहेको सुने, र भन्यो, "तर यो समयमा, म महिमा शुरू गर्नेछु।" र मैले हेरे, र मैले कहिल्यै त्यति ठूलो मानिसहरुको भिड देखेको थिईन; तिनीहरु सबै ठाउबाटको भिड थियो।

14 र भाई रोबर्ट्सको नाउ बोलईयो, भन्यो, "अब भाई ओरल रोबर्ट्स तपाईलाई हेर्नको निम्ति आउदै हुनुहुन्छ।"

र मैले भने, "मैले भाई रोबर्ट्सलाई कसरी अभिवादन गरूँ?"

भन्यो, "ठिक त्यसरी जसरी उसले तिमीलाई गर्छ।"

15 ठिक छ, मैले भाई रोबर्ट्सलाई कालो सूटमा आईरहेको देखे, र सानो टोपी जसरी बिंग क्रोस्बाईले लगाउथे, ती थोरै माथि फर्किएको र तल तानिएको थियो, एउटा सानो कालो टोपी। र एक प्रकारले माथि उभिरहेको थिए, र उहाले माथि हेर्नुभयो र भन्नुभयो, "हेल्लो, भाई ब्रन्हाम।"

र मैले भने, "हेल्लो, भाई रोबर्ट्स।" उहासंग हात मिलाए।

भन्नुभयो, "तपाईले राम्रो भिड पाउनुभएको छ।"

16 मैले भने, "केहि भिडहरु छन्, भाई रोबर्ट्स।" र उहा फर्कनु भयो र आफ्नो बाटोतिर हिड्नु भयो जसरी बिल्लीले गरेका थिए, दाँया तर्फ गए।

17 र मैले सोचे, "मैले कहाँ बाट तिनीहरुसंग बोल्न जाँदैछु?" र मैले सबै ठाउमा बोल्नको लागि एउटा स्थान खोज्ने प्रयास गरे। म यस्तो परिस्थितिमा थिए, केहि तल्लो कुरामा, कि मैले केहि देख्न सकिन कहाँबाट तिनीहरुसंग बोल्ने भनेर।

र कसैले भन्यो, "ठिक छ, यहाँनिर आउनुहोस्।"

18 मैले भने, "ठिक छ, तिमीले त्यहाँबाट राम्ररी देख्न सक्दैनौ।" र मैले ठाउको वरपरबाट शुरू गरे। र मैले याद गरेको छु कि मैले भने, "मूख्य कुरा मैले गर्न पर्ने यो छ कि परमेश्वर र उहाको छोराछोरीको अगाडि आफैलाई हृदयमा सधै नम्र राख्ने।"

19 र त्यसपछि म दर्शनबाट बाहिर आए। र मैले सोचे, "त्यसको अर्थ के हो? हुन सक्छ यसको अर्थ हामीले केहि पाउन...वा उनी कहाँ हुनेछ?" तपाईले बुझ्नुभयो, कहिलेकाहि, दर्शनहरुमा, उहाले तपाईलाई भन्नुहुदैन

मात्र कहाँ; उहाले मात्रै बोल्नुहुन्छ र तपाई मात्र...यो दृष्टान्तको रूपमा हुन्छ। र म निश्चय छु कि तपाईहरु जसले बाईबल पढ्नुहुन्छ तपाईले त्यो बुझ्नुहुन्छ।

20 र त्यसपछि म अगाडिको कोठामा गए र केहिबेरको लागि त्यहाँ बसे, र त्यो लगभग साढे तिन वा चार बजे बिहान थियो, मलाई वास्तवमै निन्द्रा लाग्यो। म फेरी फर्केर गए र ढल्किए, र मैले सपना देखे, र त्यो सबैभन्दा अनौठो सपना थियो। र तपाईहरु धेरैलाई थाहा छ कि प्रबन्धकहरु मध्ये एक, ज्याक मूर्, भाई ज्याक मूर्। मैले उहालाई वर्षौंदेखि चिनेको छु। मलाई लाग्छ म उहाको छोरी संग बाहिर घुम्न गएको थिए, एउटा केटि जो सत्र वर्षकी थिईन्, र उहाको हात समातेर हिडेको थिए, उनलाई माथि डाँडामा डोहोर्याउदै थिए, सानी ज्याकिलाई। ठिक छ, मैले उनलाई सानै देखि चिनेको छु जब उनी सानी दुधे बालिका थिईन्। र मैले उनलाई माथि डाँडामा डोहोर्याउदै थिए, र यो केटिलाई डोहोर्याउदै, म तिन ओटा शहर टाढाको डाँडामा पुगे। र हामी एउटा ठूलो रूखको मुनि आइपुग्यौ र उनी तल बसिन्। र जसरी धेरै जसो किशोरीहरुले आज स्कर्ट लाउने गर्छन्, तपाईलाई थाहा छ, एक प्रकारको बाहिर फुक्लिएको, र उनीसंग त्यस तरिकाको स्कर्टहरु मध्ये एउटा थियो। र उनले त्यो सानो स्कर्ट लीईन् र एक प्रकारले फैलाईन् र तल बसिन्। र सामान्य रूपमा जसरी जवान जवानीले एकअर्कालाई हेर्छन्, उनले आफ्नो हात यसरी बाधिन् र माथि आकाशतिर हेर्न शुरू गरिन्। ज्याकि एउटा एकदम राम्री केटि हुन्, र उनको अति ठूलो मुख थियो र अति ठूलो आँखा थियो, र एक प्रकारको बलौटे कपाल थियो, त्यत्ति आकर्षित थिएन, तर साचो सानी केटि थिईन्। र मैले उनको ठूलो आँखा देख्न सक्थे जसै उनले माथि आकाशतिर हेरिन्, र कसरी उनको आँखाहरुमा आकाशको प्रतिविम्व थियो।

21 ठिक छ, म उनीभन्दा पाँच फिट माथि गए, र एक किसिमले *यसरी* अर्कोतर्फ ढल्किए, र एउटा पिउने नाली पाए र मूखमा हाले, र यो पिउने नालीलाई चपाउन शूरू गरे। मैले यो सोच्न शुरू गरे, “म यहाँ माथि के गर्दैछु? किन, म एउटा बुढो मान्छे, र यो जवान केटिसंग छु। किन,” मैले भने, “म विवाहित हुँ र बालबच्चाहरु छन् मेरो। यो जवान केटिसंग मेरो कुनै काम छैन मेरो।”

22 र म माथि उठ्न शुरू गरे। र, जब म उठे, एउटा आवाज माथि रुखबाट आयो, र भन्यो, “यो एउटा चिन्ह र एउटा कारणको लागि हो।”

23 र म माथि उठे, र म झन्डै डरलाग्दो सपनाको जसरी चिच्याए। मैले सोचे, “ओ, मलाई लाग्छ यदि यसको अर्थ मेरो विश्वास कमजोर हुन लागेको हो या मलाई केहि भएको छ? ठिक छ,” मैले सोचे, “यदि मैले मेरो आफ्नै दिमाग प्रयोग गर्ने कोषिश गरे भने, म झन् गोलमाल हुन्छु, त्यसैले म केवल परमेश्वरमा प्रतिक्षा गर्छु।” र मैले प्रार्थना गर्न शुरू गरे। मैले भने, “प्रभु, के त्यो सपना त्यस गए भागको रातको दर्शनसित सम्बन्धित छ, वा त्यसको अर्थ के हो?”

24 केहिबेरको पर्खाईपछि, हुनसक्छ लगभग एक घन्टाको पर्खाईपछी (मेरी श्रीमती पहिले नै माथि गईसकेकी थिईन् र बिहानीको खाजा तयार पारिसकेकी थिईन्), तब आवाज फेरी आयो र भन्यो, “किंगस्टोनमा जाउ, र तिमीलाई त्यहा भनिनेछ के गर्ने भनेर।”

25 त्यसैले, तुरुन्तै म किंगस्टोनमा गए। र तिनीहरुले बिहिबारको दिउसोमा नै थाहा पाएका थिए कि म त्यहाँ शुक्रबार हुनेछु भनि। त्यही नै सबै विज्ञापन थियो हामीसंग। बनाउनमा म एकदमै राम्रो त छुईन...या भिडको अनुमान गर्नसक्दिन, किनभने मैले सामान्यतः यसमा बढी भनेको हुन्छु। तर पहिलो रातमा, म भन्छु कि हामी संग लगभग बाह्र, ओ, लगभग बाह्र हजार मानिसहरु, अब, किनभने यो केवल एकदिन थाहा गरीईएको थियो। र दोस्रो दिन तिनीहरुले चार मिल जत्ति धावक दौडन थाले, रिले दौडमा, माथि डाँडासम्म। एउटा धावक चार घण्टासम्म दौडन्छ, र त्यसपछि अरु नै धावकहरुलाई डाँडासम्म जान दिन्छ। र दोस्रो रातमा त्यहाँ लगभग पाच हजार जना सम्म थिए। र तेस्रो रातमा यो आनुमान गरिएको थियो कि त्यहाँ लगभग पन्ध्र हजारसम्म थिए, हुनसक्छ बिस थियो। र हजारौ पटक हजारौ मानिसहरु परमप्रभुमा आएका थिए।

26 र दर्शन चाहि: सानो मण्डली, एउटा केटि कन्या थिईन्, मात्र सानी बालिका, र त्यसको अर्थ मण्डलीको कुमारीत्व हो। र तिनओटा शहरले पहाडलाई छेकेको भनेको तिन दिनसम्म मैले सेवकाई गर्नेछु। र मेरो सवकाईबाट सानो एउटा कुमारी केटि लिएको, जुन ठाउँमा तिनी थिए, त्यसबाट परमेश्वरको कुराहरुमा यति सम्म उच्च लागेको कि जब सम्म त्यो पुरा टापू हल्लियो।

27 र, ओ, सेवकहरु र मानिसहरु चारैतिर, रुदै र विन्ती गर्दै र सम्झाउदै थिए, “केवल अझै एउटा रात वा दुइटा,” ती शहरका अधिकारीहरु।

28 हामी त्यहाँबाट भएर पुएर्तो रिकोमा गयौ। त्यहाँ हामीले महान्, उच्च विजय भेट्यौ, र हजारौ पटक हजारौ मानिसहरु बाटोमा जम्मा भए, यहाँसम्म कि त्यहाँ लगभग चालिस हजार अमूल्य प्राणहरु प्रभु येशूमा आएको अनुमान गरिएको थियो। र जानेबेलामा...म आशा गर्छु कि म यो कुरा आफ्नै मण्डलीलाई भन्नेछु, तर मैले यो सार्वजनिक रुपमा गर्न सक्दिन, जहाँ घरका मित्रहरु छैनन्, किनभने यो गलत तरिकामा पनि हेरिन सक्छ। तर मसंग यहाँ कागजको टुक्रामा न्यायधिषको नाउ छ, जो हामीले छोडेर जानेबेलामा कुरा गर्दैहुनुहुन्थ्यो, ठिक यहाँ, उहा र उहाको कर्मचारी।

29 र उहाले भन्नुभयो, “हामीलाई विभिन्न सेवकहरु हुनुमा टापुमा सम्मानित गरियो।” उहाले भन्नुभयो, “जब बिल्ली ग्राहम ज्युले हालसालै टापू छोड्नुभएको छ,” र भन्नुभयो, “हाम्रो महिमामय सभा भयो।” उहाले भन्नुभयो, “तर बिल्ली ग्राहमले मात्र उहि सुसमाचार ल्याउनुभयो जुन हामीले पहिले नै सधै सुनिसकेका थियौ।” उहाले भन्नुभयो, “त्यसपछि हामी श्री रोबर्ट्स ज्यूलाई टापूमा पाउदा सम्मानित भयौ।” उहाले भन्नुभयो, “र श्री रोबर्ट्स ज्यूले हामीलाई महान् तिन दिनको सभा दिनुभयो। तर,” भन्नुभयो, “तर होटेलमा खर्च अत्यन्त धेरै थियो,” भन्नुभयो, “तिन रातको निम्ति पैतिस हजार डलर होटेलको निम्ति खर्च छोडेर जानुभयो।” उहाले भन्नुभयो, “त्यसपछि श्री ओस्बोर्न ज्यू यहाँ हुनुहुन्थ्यो, जो ख्रीष्टको एउटा महान् दास हुनुहुन्छ। तर,” भन्नुभयो, “जब श्री ओस्बोर्न ज्यू ले छोडेर जानुभयो, त्यहाँ तल गिर्नथाल्यो, यस्तो देखिन थाल्यो कि सबै कुरा गयो।”

30 “तर” भन्नुभयो, “हामीले यस सभामा यो ध्यान गर्यौ कि भाई ब्रन्हामको निम्ति प्रार्थना गर्नको लागि त्यहाँ मंचमा वास्तवमै कोहि पनि थिएन। तर,” भन्नुभयो, “तर सेवा समाप्त भईसके पछि, हामी ट्रक भरीको पुरानो कुर्सीहरु र क्रूबहरु र सबैकुराहरु दर्शकहरुको बाहिरबाट टिपेर ल्याउनेछौ।” उहाले भन्नुभयो, “यो पालि कुनै मानिस आएको थिएन, तर हामीमा परमेश्वर आउनुभएको थियो,” उहाले भन्नुभयो।

31 मैले भने, “मेरो प्रार्थनाहरु अपेक्षा नगर्नुस्; तर त्यहाँ तपाईहरुको प्रार्थना राख्नुहोस्, तपाईको हात एक अर्कामा राख्नुहोस्।” र तिनीहरुले एक वा दुई दर्जनलाई मन्चमा ल्याए, र, जब अन्तर्दृष्टि तल आउदथियो,

मानिसहरु केवल कराउन थाल्थ्यो। हामी चौथो स्तरको होटेलमा बस्यौ, र, सबै हाम्रा खर्चहरु हामी आफैले आफ्नै तरिकामा तिर्यौं।

32 त्यसो गर्न तपाई स्वयमले सहयोग गर्नुभयो, तपाईको दशंशाद्वारा जुन तपाईले मलाई पठाउनुहुन्छ। त्यहि कुराले नै यो हुनसक्यो। र तपाईले यो जानेको म चाहन्छु, ती सबै कुराहरु बाहिर, तपाईको हिस्सा त्यहाँ छ। र आउन लागेको त्यो महिमामय दिनमा, परमेश्वरले तपाईलाई इनाम दिनुहुनेछ। बुझ्नुभयो, तपाईसंग थिएन...

33 यदि कुनै व्यक्ति आफै जान्छ र केहि गर्छ, तब, तपाई देख्नुहुन्छ, जब त्यो व्यक्तिले छोडेर जान्छ, तिनीहरुले सोच्छन्, "एउटा ठूलो विछोड, परमेश्वरले हामीलाई छोडेर जानुभयो।" परमेश्वरले तपाईलाई छोड्नुहुन्न। उहा सधै तपाई संगै हुनुहुन्छ। बुझ्नुभयो, यो तपाई हुनुहुन्छ जत्तिसम्म त्यसमा हुनसक्नु हुन्छ जस्तो अरु हुनसक्छ, जत्ति अरु हुनसक्छ। परमेश्वरले कुनै एउटा निश्चित सेवकाईको लागि एउटा व्यक्ति प्रयोग गर्नसक्नुहुन्छ, तर यसको अर्थ यो होइन कि त्यो व्यक्तिको लागि परमेश्वरमा अरु कुनै विकल्प छ। यो त परमेश्वर प्रति तपाई स्वयमको विश्वास हो।

34 र तिनीहरु त्यो पुरानो सानो बेलगाडा बाहिर जान्थे, ताकी तिनीहरुले त्यो सानो बच्चा वाला बेलगाडा जस्तो लिन सकोस्, र—र एउटा पाटि बनाउछन्, र मानिसहरुलाई त्यहाँ लेटाउछन् र गाडामा लान्छन्। र सेवा सक्किसके पछि, ती सबै कुद्दने बाटो खोलिदिन्थ्यो, तिनीहरु केवल गाडिमा जान्थे र सानो ठेला गाडा र ठूलो पुराना कुर्सीमा, र क्लब र खटिया र पलंगमा निक्लन्थे, र केवल तिनीहरु मात्र कहाँ हिडेर गएका थिए र तिनीहरुलाई छोडिदिन्थ्यो, किनभने त्यहाँ परमप्रभुको उपस्थिति त्यहाँ थियो। त्यहि नै हो जो हामी देख्न चाहन्छौ। मानिस जब तस्बिरबाट बाहिर हुन्छ, परमेश्वर अगि बढिरहनुभयो।

35 फर्केर आउदा, केवल यस बिहानीमा सहायता गर्नको निम्ति, म केहि मिनेटमा बोल्न जादैछु। र मैले केटाहरुलाई भनेको छु कि टेप नछोड्नको निम्ति। तिन दिनसम्म मैले मेहेनतले सोच्नलाई कोशिस गरेको छु, "म के कुरामा बोल्नेछु होला?" र यस बिहानीमा, म निस्केर आउनुभन्दा पहिले, मैले वास्तवमै मण्डलीको निम्ति एउटा कठोर चेतावती मेरो हृदयमा महसूस गरे। र मैले तिनीहरुलाई भने, "टेप त लिनुहोस्, तर त्यो बेच्नको लागि प्रकाशन नगर्नुहोस्।"

36 तर हामीले यो गर्नुभन्दा पहिला, म तपाईलाई मात्र सानो एउटा गवाहि दिन चाहन्छु, ताकि त्यसले तपाईको भलो गर्नेछ। यसले मेरो भलो नै गरेको छ। हामी तिन दिने माछा मार्नलाई गएका थियौ। लियो र जिन र म आफै थिए, र मेरो छोरा विल्ली पल र उसको श्रीमती तल त्यो मित्र कहा गएका थियौ, जो यस मण्डलीमा आउनुहुन्छ, त्यो तल जोर्जियाबाट। र तिनीहरुले हामीलाई पछाडि कुनै धसानमा लागे, अहिले मलाई थाहा छैन ठिक कहाँ थ्यो त्यो भनेर, ओकिचोवी को नजिक कुनै त्यस्तै ठाउमा, मलाई नाउ थाहा छैन ती सेमिनोल इन्डियनहरुले यो दियो। तर, यद्दपि, हामी धेरै मिल पछाडि थियौ।

37 र यो भाई इभान्स, उहाको भाइ एउटा पापी हो। र उहा एउटा महान् मछुवारा हुनुहुन्छ, र उहा पछाडि एउटा धसानमा केहि महिना पहिले जानुभयो। र तिनीहरुको मा त्यहाँ "ग्राउण्ड र्याटलर" भनिने सर्प थियो। र त्यो ग्राउण्ड र्याटलरले उनलाई टोक्यो, र उ कठिनले जीवित थियो। उसको अंग सुन्निएको थियो, र तिनीहरुले उसलाई चिकित्सककोमा लगे र तिनीहरुले उनलाई गोली दियो। ती कुराहरु घातक हुन्छ। र तिनीहरुसंग त्यहाँ पछाडि धेरै कटनमाउथ सर्पहरु छन् र कटनमाउथ, मोक्कासिन सर्प, एल्लिगेटर्स गोहि जुन बिस फिट लामोसम्म हुन्छ।

38 र हामीले त्यहाँ पछाडि माछा मार्दै गर्दा, मैले एउटा ठुलो बास माछा पक्डिए। ओ, त्यो पहिले नै विश्रान्तिमा बसेको थियो। र त्यो यति ठूलो थियो कि मैले त्यसलाई पानीबाट बाहिर निकाल्नै सकिन, र त्यसले अन्कुसीलाई तन्काउदै लग्यो, वा आफैलाई छुट्टाउनलाई तान्यो। र हामीसंग धेरै बास माछा भयो, लगभग सय र पचास पाउण्डको ठूलो बास थियो। र तिनीहरु, कुनै कुनै अरु पाउण्डका थिए, र चार देखि सात, आठसम्मको थियो। र मैले यो एउटा ठूलो वालालाई पक्डे, र त्यो फुत्क्यो।

39 र मैले फेरी अर्को फाले, र मैले—मैले अर्को लाई पक्डे, लगभग छ, सात पाउण्ड थियो। र मेरोमा एउटा लामो खम्बा थियो जुनमा मैले समातेर बस्नु पर्थ्यो त्यो लिली प्याड्स माथि थियो। र भाई इभान्स संग...हामी सबैजना पानीको कारणले रुझेका थियौ, किनकि त्यो मात्र धसान थियो। र उसले आफ्नो जुत्ता माथि तान्यो र उसको खुट्टाको पतलुंग दोबार्यो, र एउटा सानो सुक्खा स्थानमा बसिरहेको थियो, एक प्रकारले उसको कपडा सुकाउदै थियो। र उसले यो ठूलो माछा झाडीको वरपर लटपटि रहेको

देख्यो, र म उ तर्फ पानिले सफा गर्दै थिए। उसले भन्यो, “मात्र एक मिनेट भाई ब्रन्हाम, म तपाईको लागि ल्याउछु।” र उ त्यता तिर दौड्यो। र मैले त्यसलाई माथि तानेको थिए, अनुमान गर्दा माछा मरेको थियो, बाटोमा लेटिरहेको थियो। र उनी त्यसलाई टिप्नलाई दौडेर गयो। र, जब उ गयो, उ चिच्यायो, र यहाँ उ फर्केर आयो। एउटा सर्पले उसलाई टोक्यो।

40 र हामीले त्यसमा हेर्यौं, र त्यहाँ दाँतको दुलो थियो उसको पाउमा जहाँ र्याटलरले टोकेको थियो, र त्यसलाई उसलाई यति सम्म दुखाएको थियो कि उसको आँखामा आँशुसम्म आयो। भन्यो, यस्तो महसूस भएको थियो कि उसको हड्डीहड्डी पक्षघात बनाउदै थियो। र हामी त्यहाँ थियौ, धेरै मिल पछाडि त्यो धसानमा। उसलाई पोको पार्नको लागि उनी ठूलो मान्छे थियो। र जब तपाईलाई एउटा सर्पले टोक्छ, तपाई केहि मिनेटमै यतिसम्म बिमार हुनुहुन्छ कि तपाई लगभग मर्ने अवस्थामा पुग्छ। र लियो त्यहि उपस्थित उभेर बसेको थियो। र मेरो मनमा केहि सोच आयो, “तपाई अझै परमेश्वर हुनुहुन्छ!” र उसले आफ्नो खुट्टा समातेर बसिराख्दा र मुर्सादैं गर्दा, र ती दुइटा ठूलो दाँतको दुलो त्यहाँ जहाँ उसलाई सर्पले टोकेको थियो, मैले आफ्नो हात त्यो ठाउमा राखे र भने, “प्रभु, यो तपाईको वचनमा लेखेको छ, ‘तिनीहरुले सर्पहरु र बिच्छीहरु कुल्चनेछन् र कुनै कुराले तिनीहरुलाई हानि गर्नेछैन।’” र ठिक त्यहि नै क्षण, प्रत्येक दुखाईले उसको खुट्टालाई छोड्यो। आफ्नो जुत्ता लगाए र दिनभर माछा मारे उसले।

41 त्यस रातमा गयौ र तिनीहरुलाई यसबारेमा बतायौ, तिनीहरुले भने, “तिमी एउटा चिकित्सकको मा जादा राम्रो हुन्छ।”

42 उसले भन्यो, “यदि परमेश्वरले मलाई यति टाडासम्म रक्षा गर्नुभएको छ भने, बाकि रहेको मार्गमा पनि उहाले मेरो ख्याल राख्नुहुनेछ।” हामीले तिन दिनसम्म माछा मारेर बस्यौ, कत्ति पनि कुनै पनि बिमारको असर थिएन।

43 परमेश्वर अझै पनि परमेश्वर नै हुनुहुन्छ। उहाले आफ्नो प्रत्येक प्रतिज्ञा राख्नुहुन्छ। र मेरो सबै सेवकाई भरिमा, त्यो नै मेरो जीवनभरमा देखेको पहिलो पटक थियो कि एउटा सर्पको टोकाईमा परमेश्वर आउनु भएको, किनभने त्यो नै पहिलो पटक थियो जहाँ मैले सर्पको टोकाईमा प्रार्थना गर्ने अवसर पाएको थिए। मात्र तपाईलाई थाहा दिएको कि उहाले आफ्ना सबै प्रतिज्ञाहरु राख्नुहुन्छ, र उहाको वचनहरु असल र सत्य छ। आमेन।

44 आजको र आउदो बुधबारको सेवालाई याद गर्नुहोस्। र कसैको निम्ति प्रार्थना गरिदिनुहोस् जसलाई वास्तवमै प्रार्थनाको खाँचो छ, कि त्यो म हू। र, याद गर्नुहोस, भाई रोबर्टस् को सभा पनि उपस्थित हुनुहोला जब उहा शहरमा आउछ, र उहालाई मण्डलीबाट अभिवादन गर्नुहोला।

45 हामीले धर्मशास्त्रबाट पढ्नुभन्दा अगाडि, म—म मात्र केहि मिनेटको लागि हामी सबै आफ्नो खुट्टामा उभिएको चाहन्छु। र, संगीत बिना, आउनुस् केवल एउटा अन्तरा वा दुइटा महिमामय पुरानो मण्डलीको भजन गाऔ, “मेरो विश्वासले तपाईलाई हेर्दछ।” ठिक छ, सबैजना मसंगै ठिक अहिले जोडिनुहोला, र हामी यसलाई गाऔ। र तपाई कसरी गाउदै हुनुहुन्छ त्यसलाई नसोच्नुहोस्, केवल परमेश्वरको महिमाको लागि गाउनुहोस्। के तपाईले हामीलाई यसमा अगुवाई दिनुहुन्छ, भाई नेभिल?

मेरो विश्वासले तपाईलाई हेर्दछ,
तपाई कलवरीको थूमा,
दिव्य मुक्तिदाता;
अब सुन्नुहोस् प्रार्थना गर्दैगर्दा,
मेरा सबै दोषहरु लिनुहोस्,
ओ मलाई आजको दिन देखि
पुरा तपाईको हुन दिनुहोस्!

जब जीवन को अन्धकारको भूमरीमा म चल्दै थिए,
र मेरो चारैतिर दुख फैलियो,
तपाई मेरो मर्गदर्शक बन्नुहोस्,
बोलि अन्धकार आज बदल्नुहोस्,
दुःख मेटाउनुहोस्, डर हटाउनुहोस्,
न त कहिल्यै मलाई तपाईबाट
भड्केर टाडा जान दिनुहोस्।

46 हाम्रो शिर झुकाएसंगै, म बाईबलको पवित्र लेखबाट पढ्न चाहन्छु, सन्त मत्ती, ७औ अध्याय, १३ औ र १४औ पदहरु। र जसै हामी यो पढ्दछौ परमप्रभुले उहाको समृद्ध आशिष दिनुभएको होस्।

*साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुर्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरु धेरै हुन्छन्।*

*किनभने जीवनमा पुर्याउने ढोका साँघुरो हुन्छ र ढोका कठिन हुन्छ, जसले चाहि जीवनमा पुर्याउछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन्।*

47 आउनुहोस् हामी प्रार्थना गरौ। ओ परमेश्वर, जसले फेरी पनि प्रभु येशूलाई मृत्यु र चिहानबाट ल्याउनुभयो, र उहालाई आज बिहानीमा एउटा जीवित बलिको रूपमा हामीमा प्रस्तुत गर्नुभएको छ, हामी विनम्रता साथ हाम्रो जीवन पुनः तपाईमा समर्पण गर्दछौ, यो सोचेर कि तपाई हामीलाई अत्यन्त वास्ता गर्नुहुन्छ। जब हामी अझै पनि पापीहरु थियौ, पाप र अपराधमा मरेका थियौ, तपाईले तपाइको केवल एकलौटे पुत्रलाई पठाउनुभयो, पापमय शरीरको स्वरूपमा बनाउनुभयो, हाम्रा पापहरुको निम्ति एउटा प्रायश्चितको रूपमा, कि निर्दोष, दोषको निम्ति कष्ट भोग्दै, ताकि हामीलाई मिलापमा ल्याई फेरी पनि तपाईसंग संगति गर्नसक्न।

48 र, ओ परमेश्वर, यदि हाम्रो माझमा यस विहानीमा त्यहाँ पाप छ भने, केहि कुरा जुनले हाम्रा हृदयहरुमा परमेश्वरको संदेश ल्याउनबाट पवित्र आत्मालाई बाधा पुर्याउछ भने, हामी यो प्रार्थना गर्दछौ, नम्र भई प्रभु, तपाईले हाम्रा अपराधहरुबाट क्षमा दिनुहोस्। प्रभु येशूको रगतद्वारा हामीलाई पखाली दिनुहोस्। जसलाई...हामी जान्दछौ, हामी आफै भित्र, हामी कोहि पनि होइनौ, र हामी स्विकार्छौ कि हामी केहि पनि होइनौ। तर तपाई पवित्र हुनुहुन्छ, तपाई सत्य हुनुहुन्छ, तपाई धार्मिक हुनुहुन्छ, तपाई मात्रै त्यो अनुग्रहको मूल हुनुहुन्छ। र हामी नम्रतापूर्वक आज त्यहाँ आउछौ, पश्चातापी प्राणहरुको रूपमा आउछौ। जसरी एउटा गवाहि भर्खरै मात्रै अगाडि गएको छ, जमैका र पुएर्तो रिकोबाट, र जहाँ तपाईले त्यत्ति महान् कार्यहरु गर्नुभएको छ, ओ परमेश्वर, यो नै न्यायीको आगमनको चिन्ह हो।

49 कसरी तपाईले भाई इभान्सलाई त्यस बिसालू सर्पको दाँतबाट बचाउनुभयो, किनभने उ एउटा विश्वासी थियो, र तपाईको वचनहरु सधै सत्य छ। अब, प्रभु, हामीलाई यस बिहानीमा मृत्युको दाँतबाट छुटकारा दिनुहोस्, जहाँ शत्रूले हामीलाई टोकेको छ र बिष हालेको छ। हुनदिनुहोस् कि तपाईको चंगाई लेप, यो बिहानीमा, प्रभु, हाम्रा आत्माहरूलाई भर्नुहोस् र हाम्रा सारा अधर्महरुबाट पखाल्नुहोस्। त्यो भौतिक शरीरहरुको बिमारबाट चंगाई दिनुहोस् जुन शत्रुको शक्तिले भाचिएको छ। सबै ती दिव्य उपस्थितिमा तिनीहरु चंगाई पारिएको होस्।

50 तपाईको लेखिएको वचनद्वारा अहिले हामीसंग बोल्नुहोस्, प्रभु। हामी जान्दैनौ कि के भन्ने भनि, तर तपाइले जुटाउनुहुन्छ। र तपाई हामीलाई चेतावनी दिनुहोस्, प्रभु, र तपाईको आगमनको निम्ति हामीलाई तयार पार्नुहोस्। किनकि यो हामी येशूको नाउमा र उहाको खातिर माग्दछौ। आमेन।

51 म सधै जसो थोरै ढिला हुने गर्छु, किनभने मैले अहिले पर्खेको छु। र आईतबारे शिक्षालयमा, मलाई लाग्छ, त्यो छैन। तर त्यहाँ केहि यसको बारेमा केहि छ, जब म घर आउछु मलाई केवल यो महसूस हुन्छ कि म संग प्रशस्त समय छ। तपाईलाई थाहा छ, कुनै पनि तरिकामा हामीहरु अति नै हतारमा छौ। त्यसैले, हामी केवल परमेश्वरमा विश्वास गर्न जादैछौ।

52 हाम्रो प्रभुले उहाको पुस्ताको मानिसहरुको लागि कडा चेतावनी दिदै हुनुहुन्थ्यो, ती मानिसहरुलाई जो ज्यादै धार्मिक थिए। र उहाले भन्नुभयो, "ढोका कठिन छ, र बाटो साँघुरो छ, जसले जीवनमा पुर्याउछ, र थोरैले मात्र त्यो भेट्टाउनेछन्।" अब, यो तिनीहरु धार्मिक नभएको कारणले होइन। तिनीहरु एकदमै धार्मिक थिए। र किनभने तिनीहरुले मण्डलीमा भरोसा गरेका थिए र कुनै निश्चित सिद्धान्त र नामधारी संगठित संस्थाहरुमा, र परमेश्वरमा विश्वास गरेका थिए (केहि विस्तार गर्नको लागि), तिनीहरुले सोचेका थिए कि सबै ठिकै थियो भनि। तर उहाले तिनीहरुलाई भन्दै हुनुहुन्थ्यो कि त्यहाँ केहि मात्र छन् जो प्रवेश गर्ने छन्।

53 र आज बिहान म यो सोच्दै छु कि मैले यो पुस्तालाई त्यो पुस्तासंग तुलना गर्न सकिन भने। बुझ्नुभयो, यो यहुदिको व्यवस्थाको समापन तिर थियो, र उहाले अलग अलग मानिसहरुसंग र अलग अलग व्यवस्थाहरुको अलग अलग समाप्तिको सम्बन्ध कुरा गर्दै हुनुहुन्थ्यो, र तिनीहरुलाई भन्दै हुनुहुन्थ्यो कि पूर्व व्यवस्थामा जुन गरिएको थियो त्यो तिनीहरुको सामू गरिएको थियो। र तिनीहरुले त्यो चिन्नबाट चुके। र अब आउनुहोस् हेरौ केहि कुराहरु जुन विषयमा उहा बोल्दै हुनुहुन्थ्यो।

54 तिनीहरु, जस्तै उदाहरण को लागि, तिनीहरुले विश्वास गर्न सकेनन् कि परमेश्वर त्यस मानिसमा थियो। त्यो नै ठूलो अवरोध थियो जुन तिनीहरुले चढ्नु पर्ने थियो, कि कसरी उहा मानिस भएर पनि आफैलाई परमेश्वर बनाउन सक्छ। तिनीहरुले देख्न सकेनन् कसरी परमेश्वर मानव शरीरमा वास गर्न सक्नुहुन्छ भनि। र सबै युगहरुमा, सबै समयहरुमा, परमेश्वर

सधै मानिसमा वास गर्नुभएको छ। मानिस नै परमेश्वरको अभिकर्ता हो। हरेक पिढीमा, परमेश्वरले आफ्ना मानिसहरुमा मानिसको ओठबाट भएर बोल्नुहुन्छ। उहाले सधै कसैलाई चुन्नुहुन्छ वा केहि कुरा जुन उहा प्रयोग गर्न सक्नुहुन्छ।

55 र उहाले यो तिनीहरुलाई जनाउदै हुनुहुन्थ्यो, जो अब्राहामको विषयमा एउटा ठोकरकर बनेका थिए। उहाले तिनीहरुलाई भन्नुभयो, “यदि तिमीहरुले आफैलाई अब्राहामको ‘सन्तान’ भन्छौ भने, अब्राहाम तिमीहरुका ‘पिता,’ उनले मेरो दिन देखे र देखेर आनन्दित मनाए। अब्राहाम, जो अगमवक्ता थिए।” र कुनै सङ्का छैन कि येशूले तिनीहरुलाई दर्शाउदै हुनुहुन्थ्यो कि उहाले तिनीहरुलाई प्रामाणित गर्नुपर्थ्यो कि उहानै मसिह हुनुहुन्छ भनि, किनभने मसिहको चिन्ह उहामा थियो। र यो यहि तरिकामा मसिहको चिन्हको रूपमा भएर सबै पिडिमा भएको छ। तर यद्धपि उहाले आफैलाई परमेश्वर तुल्याएको ले, आफैलाई मसिह भनेको ले, त्यो नै तिनीहरुको लागि ठेसकोको कुरा भयो र तिनीहरुले त्यो बुझ्न सकेनन्।

56 अब, जब अब्राहामले (जसलाई तिनीहरुले आफ्नो पिता भनि बोलाउथे) परमेश्वरलाई भेटे, उहा पनि शरीर मै हुनुहुन्थ्यो, किनकि उहाले एउटा बाछाको मासु खानु भयो, मकै को रोटि खानुभयो (र दुध पिउदै) र घिउ खानुभयो, अब्राहामको उपस्थितिमा, र अझै पनि उहा परमेश्वर हुनुहुन्थ्यो। अब्राहामले उहालाई चिने, परमेश्वरलाई, र उनले उहालाई “एलोहिम,” भनि बोलाए जुन सर्वशक्तिमान यहोवा हो। एउटा मानिस पोशाक लगाएको, र उहाको शरीरमा धूलो थियो, र एउटा रुख मुनि बसिरहनु भएको, छहारीको लागि, र मासु खानुभयो र दूध पिउनुभयो। तब ती चिसो, क्रूर हृदयका, स्वार्थि, धार्मिक यहुदिले उहा परमेश्वरको पुत्र हुनुहुन्छ भनि विश्वास गर्न सकेनन्, र अब्राहामलाई चाही आफ्ना पिता भने। र उहाले तिनीहरुलाई यो थाहा दिदै हुनुहुन्थ्यो कि उहाले उही कामहरु उहाको शरीरमा गर्दैहुनुहुन्थ्यो, जुन परमेश्वर अर्को शरीरमा गर्दै हुनुहुन्थ्यो जब उहाले तिनीहरूका पितालाई भेट्नुभएको थियो। र अब्राहामले त्यो विश्वास गरे। र तिनीहरुले यहि कुरा विश्वास गर्न सकेनन्।

57 तपाईले देख्नुभयो, जब अब्राहाम आफ्नो पालमुनि बसिरहेका थिए किनभने उनले आफ्नो चुनाव गरेका थिए, र त्यहि चुनाव प्रत्येक मानिसको अगाडि ल्याईएको छ जो यो संसारमा जन्मेका छन्। असल र दुष्ट रूख

प्रत्येक मानिसको अगाडि राखीएको छ। र जब लोत, उनको भतिजा, र तिनीहरुको पशुपालकहरुले जमिनको विषयमा विवाद गर्न थाले, अब्राहाम, एउटा न्यायी व्यक्ति भएकोले तिनीहरुलाई भने, “हामी एकअर्कामा कुनै विवाद नगरौ। तिमी केवल आफु जाने ठाउ चुन।” त्यहि ठाउ प्रत्येक विश्वासीको जीवनमा आउछ। र यो आज बिहान तपाईको अगाडि छ, र यो मेरो अगाडि छ।

58 लोतले सोचेका थिएनन् कि उनी पतित हुन जादैथिए, तर उनी सोदोमतर्फ हेर्दै गए जहाँ कुराहरु सहज थिए। र त्यहाँ धेरै पटक हामीले सहज मार्ग तिर हेर्छौं। “म यो निश्चित मण्डलीमा शामिल हुन्छु, र, तपाईले देख्नुहुन्छ, कसैले यसको विरुद्धमा केहि भन्दैन, किनभने यो शहरमा सबैभन्दा ठूलो मण्डली हो।” सजिलो बाटो! धेरै पटक हामीले त्यो गर्छौं, जब, हामी गलत हुन्छौ!

59 याद गर्नुहोस्, यदि तपाईले ख्रीष्टलाई पछ्याउनुहुन्छ भने, तपाई मानिसहरु बाट घृणित हुनुहुनेछ, किनकि तिनीहरु सबै जो ख्रीष्ट येशूबाट इश्वरीय जीवन जिउछन् तिनीहरुले सतावटहरु भोग्नेछन्। र यदि तपाई ख्रीष्टमा आउनुहुन्छ भने, तपाई कुनै मण्डली वा संगठित संस्थाबाट, वा कुनै सिद्धान्तबाट आउनुहुने छैन। तपाई रगतद्वारा आउनुहुनेछ, त्यो नै एक मात्रै द्वार हो। र तपाईले कसैलाई आफुसंग ल्याउन सक्नुहुन्न, तपाई एक्लै आउनुहुनेछ र आफ्नै प्रायश्चितमा र विश्वासमा खडा हुनुहुनेछ। तपाई आफ्नो पाष्टर, वा आफ्नो आमाको विश्वासमा जान सक्नुहुनेछैन। तपाई व्यक्तिगत रूपमा आउनुहुनेछ जब तपाई परमेश्वरमा आउनुहुनेछ! धेरै पटक हामीले ती मूर्ख निर्णय गर्छौं।

60 के हुन्थ्यो यदि लोतले, जब उनले सबै कुरा सहज देखे…? उनले यो देखे जहाँ धेरै पैसा र धेरै प्रशिद्धता देखे, किनभने उनी एउटा अन्जान व्यक्ति हुनेथियो, र एउटा होसियार, शिक्षित, धेरै प्रकारको मनोविज्ञान र उसले केहि निश्चित कुराहरु गर्न पाउथे र अझै पनि आफ्नो धर्म मिलाएर राख्न सक्थे। उसले सोच्यो, “म संग परमेश्वरप्रतिको विश्वास छ, त्यसैले म मात्र तल सोदोममा जानेछु र म—म केहि धेरै पैसा कमाउने छु, र म एउटा महान् व्यक्ति बन्नेछु, हुनसक्छ म एउटा अद्भूत प्रचारक हुनेछु।” बुझ्नुभयो, तपाईसंग चुनाव गर्नलाई दिईएको छ।

61 र जन–साधारणसंग एउटा चुनाव छ गर्नलाई। “म त्यहाँ तल जानेछु त्यो निश्चित मण्डलीमा। ओ, शहरमा सबैजनाले यो सोच्छन् यो नै अति! किन, यस शहरको नगर प्रमूख यस मण्डली को हो।” अब, उ त्यो मण्डलीबाट हुनसक्छ जुन वास्तवमै राम्रो छ, तर अझै पनि तपाई त्यो मण्डली र त्यसका मानिसहरुलाई धर्मशास्त्रबाट जाच्नु पर्दछ। कैलेकाहि तिनीहरु त्यहाँ जान्छन् किनकि यो एउटा प्रशिद्ध बाटो हो, फलाना ठाउमा गएका मानिसहरुले पोशाकहरु राम्रा लगाउछन्। र त्यहि नै हो जहाँ हामीले एउटा––एउटा घातक गलती गर्छौं। अब यसलाई ध्यान दिनुहोस्।

62 र अब्राहाम, उसले गर्न सक्ने एउटै मात्र कुरा थियो त्यो हो दोस्रो विकल्प। र कैले काहि दोस्रो विकल्पनै पहिलो विकल्प भन्दा उत्तम हुन्छ, यदि त्यो त्यस रुपमा लिईयो भने। ध्यान दिनुहोस्, धेरै समय अगाडि होइन, जब लोतले ठूलो शहर देखे, उनले आफ्नो श्रीमती नूनको ढिक्काको खम्बा परिणत भएको देखेनन्, तथापि, उनले शहर आगोले जलेको देखेनन्। तर अब्राहामले प्रभूको तिरस्कृत थोरै मानिसहरुसंग आफ्नो बाटो लिए, उनी उजाडस्थानमै बसे।

63 र, अझै पनि के हुन्थ्यो यदि साराले भनेको भए...अब याद गर्नुस्, सारा पुरा जगतमा सुन्दर स्त्री थिईन्। सारा जत्तिकै राम्री त्यहाँ कुनै स्त्री थिएनन्। सबैजना जसले उसलाई देखेका थिए, उनीसंग प्रेममा पर्थे। अब, कति सजिलो थियो सारालाई त्यो खालको इच्छा चुन्नको लागि। तर उनले अब्राहाम संगै बस्नको लागि चुने।

64 ओ, स्त्रीहरु, शैतानले तपाईलाई अन्धो बनाउन नदिनुस्, चर्चित बनेर र *यो* र *त्यो* मा शामिल भएर। तपाई ख्रीष्टसंगै रहनुहोस्! किनकि समय नजिकै आएको छ, महा विनाश अगाडि बसिरहेको छ, सोदोम र गमोराको भन्दा पनि बद्तर यो देशको निम्ति बसिरहेको छ। सोदोम र गोमोरा यसको निम्ति ऋणी हुनेछ।

65 अब, जब अब्राहामले त्यो बाटो लिएका थिए जुन परमेश्वरले उनको निम्ति दिनुभएको थियो, र भूमिको दूब्लोपन थियो, उनी सुखी सम्पन्न थिएनन्। तर अझै पनि उनले एउटा कुरा जानेका थिए कि, उनले परमेश्वरको सेवा गरेका थिए र उनले परमेश्वरलाई विश्वास गरेका थिए।

66 त्यसैले एकदिन त्यहाँ तीनजना व्यक्तिहरु आए, र तिनीहरु सबै धूलोले फोहोर र थाकेका थिए, र अब्राहाम उनीहरुको निम्ति दुखित भए, उनले

भने, “आउनुहोस् र थोरै बेरको लागि तल फलाँटको रूख मुनि बस्नुहोस्।” र जब उ त्यहाँ उभिएर तिनीहरुसंग बोल्दै थियो, तिनीहरुको कुरा गराईबाट उनले थाहा पाए कि तिनीहरु केवल साधारण मानिसहरु थिएनन्। तिनीहरु अलग थिए। र अब्राहाम गए र एउटा बाछा मारेर तयार पारे, र सारालाई रोटि बनाउन लगाए र उनीहरुलाई खुवाउनलाई तयार पार्न भने।

67 अब याद गर्नुहोस्, तिनीहरुमध्ये दुइजना स्वर्गदुतहरु थिए, मानव शरीरमा स्वर्गदुतहरु थिए, र ती मध्ये एकजना परमेश्वर स्वयम् हुनुहुन्थ्यो। र एकजना जो परमेश्वर हुनुहुन्थ्यो पालको सामू उहाको ढाड फर्काएको थियो।

68 र सारा पालभित्र बसेकि थिईन्। म स्त्रीलाई आफ्नो स्थान त्यसरी लिएको हेर्न चाहन्छु, यो होइन कि प्रत्येक समय जब कोहि वरपर आउछन्, बाहिर गएर के गर्नुपर्छ भनि उनको श्रीमानलाई नासिखाओस्। तर उनी पाल भित्र बसिन्। कुनै संका छैन, हुनसक्छ भाँडा पखाल्दै वा केहि गर्दै थिईन् होलिन्।

69 र यो एउटा जो परमेश्वर हुनुहुन्थ्यो, उहाले चारैतिर सोदोम तर्फ हेरिनै रहनुभयो, र उहा के गर्न जादैहुनुहुन्छ भनि तिनीहरुलाई भन्नुभयो। र दुइजना स्वर्गदुतहरु तल त्यहाँ सुसमाचार प्रचार गर्न जानुभयो। तर एक जना पछाडिनै बस्नुभयो, त्यो चाहि परमेश्वर हुनुहुन्थ्यो, र उहाले भन्नुभयो, “म अब्राहामबाट मैले जानेका कुरा रहस्यमा राख्ने छुइन, किनभने उ नै संसारको उत्तराधिकारी हुन जानेछ।”

70 ओ, यस बिहानीमा मण्डली हामीलाई अधिकार छ, प्रभुको आगमनको रहस्य जान्नको निम्ति। किनभने, “शान्ति बनाइ राख्नेहरु धन्यका हुन्, किनभने तिनीहरु परमेश्वरका छोराछोरी बोलाईने छन्। धन्यका हून् तिनीहरु जो भोको र तृषित छन्, किनभने तिनीहरु तृप्त पारिनेछन्। धन्यका हुन् शुद्ध हृदय हुनेहरु, किनभने तिनीहरुले परमेश्वरलाई देख्ने छन्। धन्यका हुन् नम्र हुनेहरु, किनभने तिनीहरुले पृथ्वीको अधिकार पाउनेछन्।” तब, यदि जीवित परमेश्वरको मण्डलीले पृथ्वीमा अधिकार गर्नेछन् भने त्यसबाट कुनै रहस्य लुकाएर राखिएको छैन।

71 “सबैकुरा जुन पिताले मलाई भन्नुभएको छ, मैले तिमीहरुलाई भनिदिएको छु।” येशूले भन्नुभयो। र तिनीहरुले उहालाई विश्वास गर्न सकेनन्।

72 त्यसैले अब्राहामको दिनमा, जस्तो उहाले तिनीहरुलाई दर्शाउदै हुनुहुन्थ्यो, उहाले भन्नुभयो कि जसरी अब्राहामले स्वर्गदुतसंग बोलेका थिए, र उहाको ढाँड पाल तर्फ फर्केको थियो, र उहाले अब्राहामलाई भन्नुभयो कि उहाले उनीसंग एउटा पुत्र संग भएर भेट्न आउनुहुनेछ। र सारा, पाल भित्र हासिन्। र उहाले भन्नुभयो, "सारा किन हासिन्?" उहाले के देखाउदै हुनुहुन्थ्यो? "सारा किन हासिन्?" त्यो केवल विनाशको केहि घण्टा अगाडि मात्रै भएको थियो, जुन त्यो घट्न गयो। मात्र विनाशको केहि अगाडि, कि स्वर्गहरुबाट आगो आयो र शहरलाई जलायो, र त्यो चिन्ह देखाईदिएको थियो।

73 र येशूले भन्नुभयो, "तिमीहरुले त्रुटि गरेका छौ." ती महान् दिव्यताका विद्वानहरुलाई भन्नुभयो, त्यो एउटा धार्मिक देशलाई जहाँ बकैदा लाखौ विश्वासीहरु थिए। उहाले भन्नुभयो, "तिमीहरुले गलत गरेका छौ धर्मशास्त्र नजानेका ले न त परमेश्वरको शक्ति नै भएको ले।" त्यस्ता पिडिको लागि, जसमा मानिसहरू राम्रो संग प्रशिक्षण गरिएको थियो, जो वुद्धिजीविहरु थिए र मण्डलीलाई हुर्काएका थिए। जब एउटा बालक जन्मंथ्यो त्यो मण्डलीको सम्पति हुन्थ्यो। तपाई इस्राएली हुनुपर्थ्यो। तपाईको जन्मको आठ दिन पश्चात, त्यहाँ खतना हुन्थ्यो, र तपाई शुरू गर्नको निम्ति इस्राएली हुनुहुन्थ्यो। र पूजाहारीपन लेवीहरु बाट आयो, जो धर्मशास्त्रबाट सयौ वर्षबाट प्रशिक्षित थिए। अझै पनि येशूले भन्नुभयो, "तिमीहरु भ्रममा परेका छौ, किनभने तिमीहरु धर्मशास्त्र जान्दैनौ!" तिनीहरुले ती कुरा आफ्नै पुस्तकबाट सिकेर जानेका थिए, तिनीहरुले ती कुराहरु आफ्ना धार्मिक शिक्षाबाट जानेका थिए, तिनीहरुले तिनीहरुको आफ्नै आध्यात्मविध्या बाट जानेका थिए। तर येशूले भन्नुभयो, "तिमीहरुले धर्मशास्त्र जान्दैनौ, न त परमेश्वरको शक्तिनै जान्दछौ।" यदि तिमीहरुले अब्राहाम चिनेका भए मलाई पनि चिन्ने थियौ। यदि तिमीहरु अब्राहामका सन्तान थियौ भने मलाई चिन्ने थियौ, किनभने अब्राहामले आनन्द मनाए जब उसले मेरो दिन देखे, किनकि उनले पुर्व दृष्य द्वारा दिन देखे। जब त्यहाँ त्यो समयमा उनको अगाडि म खडा भए, मासुको शरीरमा देखा परे, र यी कार्य गरे, उनले जाने कि त्यो म नै हुँ, र उनले मलाई 'एलोहिम।' भनि बोलाए। तर यहाँ मैले तिमीहरुको अगाडि उहि कार्य गर्छु, र तिमीहरुले मलाई 'बालजिबुल' भन्दछौ।

"ओ," तिनीहरुले भन्छन्, "हामीसंग हाम्रो पिता अब्राहाम हुनुहुन्छ।"

"अब्राहामलाई आफ्नो 'पिता' भनि बोलाउछौ?"

74 उहाले भन्नुभयो, "किन, हामी, हामी मण्डलीकाहरु हौ। हामी धार्मिक राष्ट्र हौ। हामी महान् मानिसहरु हौ। हामी परमेश्वरका मानिसहरु हौ!"

येशूले भन्नुभयो, "तिमीहरु दुष्टहरु हौ, शैतान तिमीहरुका पिता हो।"

75 म यो पिढि संग त्यो पिढीलाई तुलना गर्दछु, आज, जब त्यहाँ लाखौ मानिसहरु हुन्छन् जसले बकैदा आफुलाई इसाई भन्दछ, र परमेश्वरको बारेमा यत्ति पनि जान्दैनन् जति एउटा होटेनटट जाति अशिक्षितले मिश्रीहरुको रातको बारेमा जान्दछ। त्यहाँ पुरुषहरु र स्त्रीहरु छन् आज, बकैदा लाखौ इसाईहरु छन् जसले ख्रीष्ट लाई दाबी गर्छन्, र पुनरुत्थानको शक्तिको पहिलो आदर्शलाई जान्दैनन्, र उहाको भलाई कहिल्यै चाखेका छैनन्। तिनीहरुले कहिल्यै उहाको शक्तिलाई महसूस गरेका छैनन्। तिनीहरुको आँखा सत्यबाट अन्धो पारिएको छ।

76 भन्नुभयो, "तिमीहरु अन्धो छौ, अन्धाका अगुवाहरु हौ। ...यदि अन्धोले अन्धोलाई डोहोर्यायो भने के तिनीहरु खाडलमा खस्दैनन् र?"

77 तब तिनीहरुले सोचे, "हामीहरु इसाईहरु हौ। हामीहरु विश्वासीहरु हौ। हामी मण्डलीहरु मध्येको सबैभन्दा उच्चको मण्डलीकाहरु हौ। हाम्रा रब्बीहरु सर्वश्रेष्ठ प्रशिक्षित विद्धिजिवीहरु हुन्।" र तरै पनि येशूले तिनीहरुलाई भन्नुभयो कि तिनीहरुले धर्मशास्त्र समेत जानेका छैनन्।

78 हेर्नुस् त कसरी परमेश्वरले यी बुद्धिमानी र होसियारहरु बाट लुकाएर बालकहरुमा प्रकट गर्नुभयो जो सिक्न इच्छा गर्छन्? ओ, परमेश्वरको महान् शक्ति र अपारता! उहा कति भलो हुनुहुन्छ तिनीहरुको निम्ति जो उहाको अगाडि हिड्न इच्छा गर्दछन्! उहाले सबै भलो कुरा राख्नुहुन्छ।

79 र त्यो दिन देख्दा जब हाम्रा देश, संसार केहि कुराले भ्रष्ट हुदा।

80 येशूले तिनीहरुलाई ठिक तरिकाले सिधा भन्दैहुनुहुन्थ्यो। तिनीहरुले भने, "ओ, अब्राहाम हाम्रा पिता हुन्। र हामी महिमामा हुनेछौ, त्यस विषयमा तिमीले चिन्ता लिनु पर्दैन, किनभने हामीले परमेश्वरलाई विश्वास गर्छौ। हामी प्रध्यापकहरु हौ, र हामी परमेश्वरमा विश्वास गर्छौ, र हामीले हाम्रा मानिसहरुलाई शिक्षा दिन्छौ र को हौ र तिमी जो एउटा सानो रहस्यमय पुरानो चिन्ह यहाँ लिएर आएर यसलाई परमेश्वर भन्न कोशिष गर्छौ? तिमी कोहि होइन तर एउटा बालजिबुल हौ।" त्यहाँ तपाई हुनुहुन्छ, तिनीहरुसंग तिनीहरुको धर्म सिद्धान्त र तिनीहरुको संगठित संस्था थियो।

येशूले तिनीहरुलाई भन्नुभयो, “तिमीहरु दुष्टहरु हौ।” यसको विषयमा सोच्नुहोस्!

81 र म त्यो पिढीलाई यो पिढीसंग तुलना गर्छु, आज जब हामी संग मण्डलीहरुमा लाखौ शामिल भएका छन्, हामीसंग दसौ हजारौहरु छन्। र परमेश्वर आफ्नो मण्डलीमा बस्न फेरी तल आउनुभएको छ, र त्यहि कार्य गर्न आउनुभयो जुन उहाले त्यसबेला त्यहाँ गर्नुभएको थियो, आफैलाई हिजो, आज, र सधैभरी एक समान बनाउनको निम्ति आउनुभयो। र मानिसहरुले यसबाट निरन्तर आफुलाई तर्काएर गएका छन्, कोहि प्रशिद्ध बन्नको निम्ति, कोहि आफ्नो चुनाव बनाउनबाट तर्केर गए। यो मानिसहरुमा बाध्यता हो! तपाईले एउटा चुन्नु पर्छ। तपाई बेसरोकार भएर बस्न सक्नुहुन्न। तपाई “हुन्छ” वा “हुन्न” भन्नु पर्नेहुन्छ। तपाई त्यो ढोकालाई उहि व्यक्तिको निम्ति छोड्नुहुन्न जसमा तपाई आउनुहुन्छ। तपाईले त्यो गर्न सक्नुहुन्न। तपाईले चुन्नलाई चुनाव छ। त्यो चुनाव ख्रीष्टको निम्ति यो बिहानीमा गर्नुहोस्।

82 तिनीहरुले सोचेका थिए कि सबै मण्डलीसंग सम्बन्धित ती सबै बचाईनेछ। तर येशू ले भन्नुभयो, “ढोका कठिन छ, र बाटो साँघुरो छ, तर थोरैले मात्र त्यो भेट्टाउनेछन्।”

83 मलाई यस बिहानीमा तपाईलाई चेतावनी दिन दिनुहोस्, मण्डली, ध्यान पुर्याउनुहोस्। यसले समय लिन्छ आज, हाम्रो स्वःधार्मिकपन मा, स्वः पर्याप्तपन को पाखण्डी पिढीमा हामी जिईरहेका छौ। त्यो घडी जब पुरुषहरु र स्त्रीहरु मण्डलीमा र मंचमा उभिन्छन्, र परमेश्वरको भजन गाउछन्, र त्यो, त्यो मण्डलीबाट निस्किन्छन् र चुरोट पिउछन्, व्हीस्की पिउछन् र नाच्न जान्छन्, र संसारको निम्ति जिउछन्, र फोहोर बोल्छन्, फोहोर चुट्कीला भन्छन्, आफैलाई “इसाई” हुँ भन्छन्। जब पुरुष वा स्त्री पुल्पिट वा मण्डलीबाट निस्किन्छन्, र पुनरुत्थानको शक्ति को स्थानबाट निस्किन्छन्, जहाँ त्यहि मसिहि चिन्ह तिनीहरु मध्ये चहलपहल गरिरहेको हुन्छ, र पनि ख्रीष्टमा एउटा नया सृष्टि बन्दैनन्, त्यहाँ केहि गलत छ। जब कागजहरुले यसलाई पड्काउछन्; किनार देखि किनार, पछाडि र अगाडि, त्यो चिसिएको उत्तरी क्षेत्रबाट दक्षिणी उत्कट जंगलसम्म, परमेश्वरले यो पठाउनुहुन्छ, र मानिसहरु चाहि निरन्तर त्यस बाट तर्केर जान्छन्। तब हामीले के भन्नसक्छौ, हामीले के गर्न सक्छौ? हामी पछाडि धर्मशास्त्रलाई

पल्टाउछौ जहाँ उहाले भन्नुभएको छ, “ढोका कठिन छ, र बाटो साँघुरो छ, तर थोरैले मात्र त्यो भेट्टाउनेछन्।”

84 उहाले भन्नुभयो, “जस्तो नोआको दिनमा भएको थियो, त्यस्तै नै मानिसको पुत्रको आउने दिनमा हुनेछ।” सुन्नुहोस्, नोआको दिनमा संसारको जनसंख्या लगभग आजको जस्तो थियो। तिनीहरुको विज्ञान हाम्रो जस्तै बढेको थियो। तिनीहरुले मूर्तिहरू र पिरामिडहरु र धेरै कुराहरु बनाए जुन हामीले आज गर्न सक्दैनौ। आश्चर्यजनक, महान्, होसियार मानिसहरु थिए। र याद गर्नुहोस्, विज्ञानले आज भन्छ, “यो मध्यरातभन्दा एक मिनेट अगाडिको समय हो।” यो घडिले डरलाग्दो समयको लागि प्रहार गर्नुभन्दा एक मिनेट अगाडि छ। यो हामीले सोचेका भन्दा ढिला भई सकेको छ। म आशा गर्छु कि—भरोसा गर्छु कि पवित्र आत्माले यी कुरा प्रत्येक विश्वासीको हृदय डुबाउनु हुनेछ, “जस्तो नोआको दिनमा भएको थियो!”

85 नोआको दिनमा कतिजना जत्ति बचाईएका थिए, त्यो पुस्ताबाट? आठ, धेरै लाखौ मध्यबाट आठ जना बचाईएका थिए। उहाले भन्नुभयो, “त्यस्तै नै मानिसको पुत्र आउने दिनमा हुनेछ।”

86 “र जस्तो सोदोमको दिनमा भएको थियो, यस्तै नै मानिसको पुत्र आउने दिनमा हुनेछ।” दसौ हजारौ भन्दा धेरैमा, त्यहाँ तिनजना मात्रै बाचेका थिए।

87 तब तपाईले मलाई भन्नुहुनेछ, “प्रचारकहरुले, ती सबै हजारौ जनाको विषयमा चाहि के हो त जो उहा संगै आउनेछन्?” अब, भाई, त्यो धेरै पुस्ताहरु बाट बनाईएको हो।

88 म अचम्मित हुनेछु यदि यस पुस्ताबाट दर्जनौ आए भने। “ढोका कठिन छ, र बाटो साँघुरो छ, तर थोरैले मात्र त्यो भेट्टाउनेछन्।”

89 ओ, म मण्डलीहरु लाई जान्दछु, तिनीहरुले के भन्छन्, “यदि तपाईले आफ्नो नाम किताबमा लेखाउनुभयो र तपाई सदस्य बन्नुभयो भने, *यो*, तपाईको सबै कुरा ठिक हुन्छ।” त्यहाँ कुनै धर्मशास्त्र छैन जसले यस्तो भन्छ। यदि सबैकुरा यो किताबमा छ भने, र मण्डलीमा छ भने, अरबौ गुणा अरबौ गुणा अरबौ, सबैकुराहरु भित्र जानेछ। तब सबै किसिमका आत्मा त्यहाँ भित्र जानेछ, र स्वर्ग कस्तो अवस्थामा हुनेछ होला? यसको विषयमा अहिले सोच्नुहोस्।

90 जस्तो कसैले मलाई भनेको थियो, “अब एकछिन पर्खनुस्, भाई ब्रन्हाम, *यस्तो—र—यस्तो,* मैले तिनीहरुलाई अन्यभाषाहरुमा बोलेको देखेको छु, म जान्दछु तिनीहरु जानेछन्।”

91 त्यसको अर्थ यो होइन कि तिनीहरु जानेछन्। पावलले भनेका छन्, पहिलो कोरिन्थी १३ मा, “मैले मानिसहरु र स्वर्गदूतहरु अन्यभाषामा बोले तापनि ममा प्रेम छैन भने, म केहि पनि होइन।”

92 “ओ, म यो—र—यो सभामा गएको छु। ओ, उसले महान् र शक्तिशाली काम गरेको थियो। मैले देखेको छु कि उसले अन्धोलाई देख्ने बनाएको छ।”

93 अझै पनि उ नबाचेको हुनसक्छ। “धेरै जना त्यो दिन म कहा आउनेछन् र भन्नेछन्, ’प्रभु, के मैले तपाईको नाउमा प्रचार गरिन र, अगमवाणी बोलिन र? के तपाईको नाउमा मैले, भूतआत्मा धपाएको होइन र? के तपाईकै नाउमा मैले धेरै महान् काम गरिन र?’ उहाले भन्नुहुनेछ, ‘मबाट दूर होइजाओ, तिमीहरु अधर्मका काम गर्नेहरु, मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन।’” “ढोका कठिन छ, बाटो साँघुरो छ, र तर थोरैले मात्र त्यो भेट्टाउनेछन्।”

94 मैले तपाईलाई केहि आँकलन दिन दिनुहोस् जसले तपाईलाई हल्लाउने छ। चिकित्सा विज्ञान को अनुसार, चिकित्सकहरु को तथ्यांकको अनुसार, त्यहाँ सिकागोमा मात्रै तिसहजार गर्भपतन हुनेगर्छ, तिस दिन भित्रमा, जुन चिकित्सक संग छ। कति धेरै तिनीहरुले यी साना गोलि र अरु थोकहरु तिनीहरुले लिन्छन्, यो गर्भपतनको सम्बन्धमा?

95 तथ्यांकले देखाउछ, संयुक्त राज्य अमेरिकामा, त्यहाँ पवित्र विवाहबाट जन्मेका बच्चाहरुभन्दा बढि गैरकानूनी सम्बन्धबाट जन्मेका बच्चाहरु धेरै छन्। तपाईलाई थाहा छ बाईबलमा भनेको छ, व्यवस्था १४:२ मा, कि, “विवाहभन्दा बाहिरबाट जन्मेको बच्चा, त्यो सिद्धिनलाई चार सय वर्ष लाग्दछ?” त्यसको सन्तानको सन्तानको सन्तानको सन्तानको सन्तान पनि परमप्रभुको सभामा उभिन पाउने थिएन, चार सय वर्ष, दस पुस्तासम्म। पुस्तामा चालिस वर्ष। तिनीहरुको महा–महा–महा–महा–महा–महा–महा हजुर बुवा नाजायज सन्तान हो, उ तस्बिरबाट बाहिर भयो! अब के? मलाई देखाउनुहोस् कुन ठाउमा त्यो परिवर्तन गरेको छ।

96 हामी के मा आएका छौ? र अब नाजायज, ब्यविचार को कारणले, र पापी स्त्रीहरुले सडकमा केटाले जस्तो लुगा लगाएकोले, जुन परमेश्वरको आँखा अगाडि निन्दा हो, चुरोट पिउने, कक्टेल पियक्कडहरु, इसाई हु भनि दाबी गर्ने भनाउदाहरु। परमेश्वरले ती व्यश्याका झुण्डलाई निषेध गर्नुहुन्छ! त्यो सहि हो। तब तिनीहरुलाई इसाई भन्छन्? कुनै आश्चर्य छैन कि परमेश्वरले भन्नुभएको छ, "ढोका कठिन छ, र बाटो साँघुरो छ, तर थोरैले त्यो भेट्टाउनेछन्।"

97 तिनीहरुले आफैलाई नम्र तुल्याउदैनन्। तिनीहरु रुखो छन्। हेर्नुहोस्, जब दाउदलाई उनको पापको विषयमा भनियो जुन उनले गरेका थिए, तुरुन्तै उनले पश्चाताप गरे, र परमेश्वरले त्यसको लागि उनलाई प्रेम गर्नुभयो। तपाई तिनीहरुको पापको बारेमा भनिदिनुहोस्, तिनीहरुले भन्नेछन्, "म फेरी पनि ढोका खोल्ने छैन।" किन? तिनीहरुसंग धेरै ठाउहरु छ जानको निम्ति, तिनीहरु ती नाजायज अड्डामा जान सक्छन् जुन ले यी कुरा राख्छन्। तर यो नै समय हो कि प्रचारकहरुले परमेश्वरको हातहतियार लगाएर र वचन र सुसमाचारको कुनै पनि सम्झौता नगरी प्रचार गर्नुपर्दछ। मानिसले आफैलाई नम्र तुल्याउनु पर्दछ।

98 त्यहाँ कुनै इसाईहरुमा इमान्दारीता बाकि छैन। तिनीहरुले भन्न चाहन्छन्, "म एउटा मेथोडिष्ट हुँ, म एउटा ब्याप्टिष्ट हुँ, म एउटा पेन्टिकोष्टल हुँ," त्यसको अर्थ यो होइन कि [भाई ब्रन्हामले आफ्नो औला पड्काउनु हुन्छ—सम्पा] *त्यो* परमेश्वरको हो।

99 "मैले अन्य भाषामा बोले, मैले आश्चर्यका कामहरु गरे।" हामीले सबै महत्व त्यसमा दिन्छौ, जब कि त्यो नै सबैभन्दा प्रमूख अन्धो पार्ने काम हो जुन तिनीहरुले गर्न सक्छन्। पक्कै पनि। झरी धर्मिमा उत्तिनै पर्छ जति अधर्मीमा पर्छ। झरीको पानीले अन्नलाई उत्ती नै दिन्छ जत्ति समालाई दिन्छ, रोय। उहि झरी, उहि पवित्र आत्मा मानिसमा झर्छ। त्यसको अर्थ अझै पनि यो होइन...तिनीहरुको स्वभाव फरक हुनुपर्दछ, भित्र बाट बदलिनुपर्छ। बाहिरी अवस्था परिवर्तन वा प्रदर्शन होइन, तर भित्र जीवित परमेश्वरको आत्मा हुनुपर्दछ जसले एउटा व्यक्तिलाई नया सृष्टि बनाउदछ, जसले पुरुषको वा स्त्रीको हृदय परमेश्वरको अगाडि नम्र बनाउदछ।

100 तपाईले भन्नुहुन्छ, "प्रचारक, तपाईको अर्थ यो संसारको लाखौ र चार अरबौ मानिसहरु मध्ये दर्जनलाई सङ्का गर्नुहुन्छ?" म सङ्का गर्छु कि कतै

त्यहा दर्जन पनि छैन कि र्याप्चरमा जान्छ भनि। यसको विषयमा सोच्नुहोस्! म तपाईलाई त्यहि भन्दै छु जुन येशूले यहाँ सुसमाचारमा भन्नुभएको छ। यसको बारेमा सोच्नुहोस्।

101 यसमा के छ? किनभने मानिसहरुको बीचमा अनैतिकता छ, नाजायज बालकहरु जन्मन शूरू गर्यो, त्यसले तिनीहरुलाई निकाल्यो। बुझ्नुभयो, हामी यहाँ घन्टौ सम्म बस्न सक्छौ, यी कुराहरु गरेर, र तपाईले देख्न सक्नुहुन्छ कि हामी भ्रष्ट, दण्डनीय, भित्रै बाट कुहिएर बसेको मानिसको पुस्तामा छौ। कुनै आश्चर्य छैन कि तिनीहरुले कुनै चिन्हहरु देख्न सक्दैनन्, कुनै आश्चर्य छैन कि तिनीहरुले सुसमाचार सुन्दैनन्, तिनीहरुको हृदय कठोर पारिदिएको छ, यद्धपि अझै पनि धार्मिक र पवित्र बन्दछन्।

102 के येशूले त्यसो भन्नु भएन कि, "आत्माले अर्थपूर्ण रूपले भन्नुहुन्छ, अन्तिम दिनहरुमा तिनीहरु उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख–विलासलाई प्रेमगर्ने, खुसी पार्न नसकिने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, भक्तिको भेष चाहि लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने"? बुझ्नुभयो? ओ, तपाई चिच्याउन सक्नुहुन्छ, पक्कै पनि। तपाई अन्यभाषामा पक्कै पनि बोल्न सक्नुहुन्छ। विश्वासले भूत आत्माहरु भगाउछ, पक्कै पनि हो। तर त्यो कुरा होइन जुन विषयमा हामी बोल्दैछौ।

103 तब तपाईले मलाई भन्नुहुनेछ, "भाई ब्रन्हाम, एउटा इसाईको निसानी के हो त? को चाहि बाच्नेछन् त? के तपाई, भाई ब्रन्हाम?" म त्यस कुरामा परमेश्वरमा भरोसा गर्दैछु। म जान्दिन। म विश्वास गर्छु कि म बाचेको छु। मैले मेरो जीवन दैनिक वचनसंग तुलना गरेको छु। यदि यो यस वचन संग जिउदैन भने त्यहाँ केहि गलत छ, म फर्केर जानु पर्छ र ठिक बनाउनु पर्छ।

104 "ठिक छ," भन्नुभयो, "भाई ब्रन्हाम, जब मानिसहरु अन्यभाषामा बोल्छन् के त्यसको अर्थ तिनीहरु बचेका होइनन् र?" होइन, श्रीमान्! होइन, जबकि मैले वोक्सी र तान्त्रिकले अन्यभाषामा बोलेको र अरु सबै थरिका नचाहिदा काम गरेको देखेको छु। मैले मानिसहरु अन्यभाषामा बोलेको देखेको छु र अर्कै पुरुषको श्रीमतीसंग बसेको देखेको छु। मैले मानिसहरु अन्यभाषा बोलेको देखेको छु, र माथि–र–तल उफ्रेको र घर नै आगोमा भएको जस्तो गरि चिच्याउने गर्छ, र बाहिर जान्छन् र भ्रष्ट सम्झौता गर्ने, र चोर्ने, झुटो बोल्ने, र सबै थरी गरेको देखेको छु। कसरी तपाईले त्यो अपेक्षा गर्न सक्नुहुन्छ? होइन, श्रीमान्।

105 मण्डलीबाट हुन्, मण्डलीमा डिकन हुन्, तिनीहरु हुनसके सम्मको पवित्र हुन्छन्। के, तपाईलाई लाग्छ तिनीहरुले आइतबार तेल किन्न जान्छन्? होइन। तर सोमबार देखि ती गर्छन् जुन फोहोर र दूषित र तल र माथि गर्छन्। परमेश्वर हृदयभित्र बस्नुहुन्छ, बाहिरी रूपमा होइन, यो यस्तो कुरा हो जुन हृदयभित्र बाट आउछ।

106 "ढोका कठिन छ, र बाटो साँघुरो छ, र थोरैले मात्र त्यो भेट्टाउनेछन्।" जस्तो नोआको दिनमा भएको थियो, ती लाखौ मध्येबाट आठजना, जस्तो सोदोमको दिनमा थियो, लाखौ मध्ये बाट तिनजना; त्यस्तैनै मानिसको पुत्रको आउने दिनमा हुनेछ।

107 र तपाई देख्नुहुन्छ भ्रष्टता जुनमा हामी छौ। तपाई देख्नुहुन्छ कसरी प्रत्येक कल्पना, मानिसले, उ त्यसबाट बाहिर औछा र दुष्टले होसियार प्रचारलाई पुलपिटमा उभ्याउछ र मानिसलाई त्यसैमा भुलाउछ।

108 कुनै एक दिन एउटा व्यक्तिले मलाई भन्यो, "म तपाईलाई मेरो पुलपिटमा हुन दिन्न, तपाईले मेरो स्त्रीहरुलाई पागल बनाउनुहुनेछ।" होइन, तिनीहरु पहिले नै त्यस्तो छन्। यसले तिनीहरुलाई तिनीहरुको सदबुद्धिमा ल्याईदिन्छ, तिनीहरुलाई ती कपडाहरु लगाउन र ती कुराहरु गर्न छोड्नलाई भन्ने थिए। र, ठिक छ, कसैले त्यसो गर्नु नै पर्नेछ।

109 मैले मेरी श्रीमतीलाई भने, "के म आफै मूर्खतापूर्ण भाको छु? के म पागलपनमा छु? वा, मलाई के भाको छ?" केहि कुरा भित्र अभै पनि ठेगानमा बसेको छैन। मैले यो भन्नु नै पर्छ, मलाई वास्ता छैन अरुले के भन्छ भनि।

110 भनिन्, "तपाईले आफ्नो सेवकाईलाई बर्बाद पार्न जादै हुनुहुन्छ।" ठिक छ, कुनै पनि सेवकाईले सुसमाचार बर्बाद पार्छ भने, त्यो बर्बाद पारियोस्।

परमेश्वरले हामीलाई सत्यतामा खडा हुन र यो विषयमा साचो भन्नलाई साहस दिनुभएको छ! यो पाप हो, अपमान हो।!

111 "ढोका कठिन छ," येशूले भन्नुभयो, "र बाटो साँघुरो छ।" र तपाई यो सोच्नुहुन्छ कि लाखौ, र सबै तपाई मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, पेन्टिकोष्टल भित्र जादै हुनुहुन्छ, तपाईहरु त्यो दिन मूर्ख हुनुहुने छ। येशूले भन्नुभयो, "धेरै जना आउनेछन् र राज्यमा बस्नेछन्, भन्नेछन्, 'मेरो हक छ यहाँ बस्नलाई।'" उहाले भन्नुभयो, "तर राज्यका सन्तानले

तिनीहरुलाई बाहिर फालिदिनेछन्। त्यहाँ मानिसहरु रुनेछन्, कराउनेछन् र दाह्रा किट्नेछन्।" बरु आज बिहानीमा खोज्नु बेस हुन्छ, इसाई। त्यहाँ दसौ गुणा लाखौ गुणा अरबौ गुना इसाई हुँ भनि दाबी गर्नेहरु छन्, र आफ्नो जीवनमा सच्चा छन्, तिनीहरुले ढोका छुट्टाउनेछन्। येशूले त्यसो भन्नुभयो।

"कतिजना भित्र जादैछन्?"

112 म जान्दिन कतिजना जादैछन्। मात्रै कुरा यो हो कि, "परमेश्वर, मलाई तिनीहरु मध्ये एक हुन दिनुहोस्!" त्यहि नै हो। उहानै न्यायकर्ता हुनुहुन्छ। "म पनि एउटा हुन दिनुहोस्।"

113 तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, कसरी तपाई भन्नसक्नुहुन्छ तब जब एउटा इसाई?"

114 म जान्दिन। तर धर्मशास्त्रले के भन्छ त्यो मलाई भन्न दिनुहोस्। निश्चयनै तपाईले त्यो विश्वास गर्नुहुन्छ। जब पवित्र आत्मा पृथ्वीमा पठाईएको थियो, परमेश्वरले पवित्र आत्माद्वारा बोल्नुभयो। उहाले स्वर्गदुत अगाडि पठाउनुभयो, पहिले। र उहाले भन्नुभयो, "शहरका चारैतिर गएर त्यसमा गरिएका घिनलाग्दा कामहरु देखेर शोक र विलाप गर्ने सबै मानिसहरुका निदार–निदारमा एउटा चिन्ह लगा।"

115 घिनलाग्दा कामहरु के हो? एउटा स्त्री जसले पुरुषले लगाउने लुगा लगाउछ। यसले परमेश्वरलाई क्रोधित बनाउछ। के तपाई कुनै कुराको वरपर बस्नुहुन्छ जुन घिनलाग्दो छ? कति बिमार त्यसले तपाईलाई बनाउछ! तपाई त्यहाँ उभिन सक्नुहुन्न। एउटा स्त्री जसले पुरुषले लगाउने लुगा लगाउछ भने, त्यहि नै तरिकामा महसूस परमेश्वरले गर्नुहुन्छ; तपाईले कोयरमा गाउन सक्नुहुन्छ, तपाईले प्रत्येक दिन प्रार्थना गर्न सक्नुहुन्छ, र प्रत्येक दिन कराउन सक्नुहुन्छ, वा प्रत्येक दिन परमेश्वरको निम्ति जिउन सक्नुहुन्छ, तपाई परमेश्वरको उपस्थितिमा दोषी हुनुहुनेछ। ठिक त्यहि तरिकामा धर्मशास्त्रले भन्दछ। "घृणित कुरा!" र जो कोहि त्यो कुरालाई गर्दछ त्यो त्यस घृणित कुराको भाग हुन्छ।

116 त्यस्तो कुराको विरुद्धमा खडा हुनको निम्ति परमेश्वरले हामीलाई अनुग्रह दिनुभएको होस्। यदि तपाई आफै खडा हुन परे, त्यहाँ खडा हुनुहोस् र परमेश्वरको वचन हातमा लिनुहोस्। यो कहिल्यै असफल हुनेछैन।

117 अब हामी एउटा यस्तो दिनमा आएका छौ, जहा, मानिसका घृणित कुरा छ। र स्वर्गदुतहरु फेरी छाप लगाउदै अगि बढेका छन्। मेरो निम्ति

जेफर्सनविलमा एउटा मान्छे खोज्नुहोस्, यदि तपाईलाई को जान्छ भनि जान्नु इच्छा छ भने, एउटा व्यक्ति यो शहरमा मलाई देखाउनुहोस् जो विलाप गर्छ र रुन्छ, निरन्तर व्याकुल हुन्छ र थकित हुन्छ, र यो शहरमा भएको घृणित कुराको निम्ति प्रार्थना गर्छ। के तपाई हात उचाल्न सक्नुहुन्छ र एउटा व्यक्तिमा राख्न सक्नुहुन्छ? त्यसो हो भने यो धर्मशास्त्र लिनुहोस्, "ढोका कठिन छ, र बाटो साँघुरो छ, जसले जीवनमा डोहोर्याउछ, थोरैले मात्र त्यो भेट्टाउनेछ।" तिनीहरु मात्रै हुन् जसलाई छाप लगाईनु पर्नेछ।

118 ओ, मैले तपाईलाई धेरै जना मण्डली गईरहेको देखाउन सक्छु। मैले तपाईलाई धेरै जना कोईरमा गीत गाइरहेको देखाउन सक्छु। मैले तपाईलाई धेरै जनाले सन्डे शिक्षा सिकाईरहेको देखाउन सक्छु। मैले तपाईलाई धेरै जना महान् समाजका मूख्य व्यक्तिहरु देखाउन सक्छु। मैले तपाईलाई धेरै जना कराईरहेका देखाऊन सक्छु, धेरै जना जो अन्यभाषा बोल्ने, धेरै जना जो सुसमाचारको कार्य गरेको देखाउन सक्छु।

119 तर मलाई एकजना देखाउनुहोस् जो आफ्नो हृदयमा यो संसारको पापहरुको निम्ति एकदमै व्याकुल छ! मलाई एकजना प्रचारक देखाउनुहोस् जो आज खडा हुन्छ र ती नामधारी संगठित संस्थाहरुलाई निन्दा गर्न सक्छ। मलाई एउटा प्रचारक देखाउनुहोस् जो खडा हुनेछ र भन्नेछ, र ती नामधारी संगठित मण्डलीलाई निन्दा गर्नेछ। उसले नगरेकै बेस हुन्छ, उसलाई लात मारेर निकालीदिन्छ, त्यो उसको खाना खाने बाटो हो।

120 कुनै आश्चर्य छैन कि विल्ली ग्राहामले ज्याक मूरलाई भनेको थियो, भन्यो, मेरो सभाहरु कस्तो हुनेछ त्यो नहेर, भन्यो, "उनी न त ब्याप्टिष्ट हो, न त उनी मेथोडिष्ट न त पेन्टिकोष्टल नै।" भन्यो, "र ती सबैजना उसको विरुद्धमा छन्।" निश्चय नै, मैले त्यो भनेको होइन...मैले भन्नुको कारण, मैले यो सार्वजनिक रूपमै भन्न सक्दिन। मैले यो मेरो आफ्नै मण्डलीलाई भन्छु। मेरो एउटा संघर्ष भैरहेको छ, किनभने जाँचको घडि मा म छु।

121 तिनीहरुले भन्छन्, "यदि तपाई आउनुहुन्छ भने, यो सबै ठिक हुनेछ, तर तपाईले त्यो विषयमा केहि पनि नभन्नु।" तपाईले हुनसक्छ तपाईको श्वास बचाउनुहुनेछ।

122 म प्रचार गर्नेछु जे परमेश्वरले प्रचार गर् भन्नुभएको छ! त्यो सहि हो। ती आठ मध्ये एक कहिँ हुनसक्छ। ती मध्ये एउटा कहिँ हुनसक्छ। तर त्यो दिनमा मैले सम्झौता गरे किनभने केहि धर्म विद्या वा केहि मण्डलीको

सिद्धान्त, वा संगठित संथाको कारणले भन्नुको दोषी हुन चाहन्न। मैले सत्यता प्रचार गरिदिए!

123 तिनिहरुले भन्छन्, "किन तपाई, किन तपाईको सेवकाई, भाई ब्रन्हाम, जुन महान् प्रतित हुन्छ, किन यसले सफा गर्दैन जस्तो अरु मनिसहरुले गरिरहेका छन्?"

124 ठिक त्यहि छ। त्यहि नै हो। म शहरतिर जान्छु, तपाईलाई लाग्छ कि एसेम्ब्ली अफ गड म संग सहकार्य गर्ला त? गर्दैनन्, मैले जे विश्वास गर्छु त्यो तिनिहरुले गर्दैनन्। हुनसक्छ एकपटक एक समय गर्ला। के तपाईलाई लाग्छ मेथोडिष्टले गर्ला? प्रयास गर्नुस् र पत्ता लगाउनुस्। एक हप्ताको लागि मेरो प्रबन्धक बन्नुहोस्। यदि तपाई जादै हुनुहुन्छ भने तपाई येशूको नाउमा जादै हुनुहुन्छ। त्यो सहि हो।

125 ओ, निश्चयनै, तिनीहरुले तपाईलाई त्यहाँ पाउने छन्, पक्कै पनि, तपाईलाई कुनै ठाउमा पाउनेछन्, र ताकि तपाई कुनै पनि तरिकाले त्यसरी तिनीहरुसंग संबन्धमा हुनेछैन। र तब जब तपाईले छोड्नुहुन्छ, भन्नुहुन्छ, "ओ, भाई ब्रन्हाम एक प्रकारको थोरै मष्तिस्कमा टाढा हुनुहुन्छ, तपाई जान्नुहुन्छ। उहा..."

126 यदि म मष्तिस्कमा नमिल्दो छु भने, बाइबल पनि शिक्षा दिनमा नमिल्दो छ। त्यहि नै बाईबलले भन्दछ! हो, श्रीमान्। ध्यान दिनुहोस्।

127 येशूले भन्नुभयो, "तिमीहरु मलाई किन 'बालजीबुल' भन्छौ? तिमीले सोलोमनलाई विश्वास गर्यौ, उनको हृदयको कुरा थाहा पाउने चिन्हलाई विश्वास गर्यौ। तिमीहरुले उनको दिनलाई विश्वास गर्यौ। रानी शेबा पृथ्वीको कुनाको भाग बाट आएकी थिईन्, त्यो वरदान हेर्नको निम्ति, र जब उनले देखिन् उनले विश्वास गरिन्। र तिमीहरु बसिरहेका छौ र दैनिक रूपमा यो देखेका छौ र पनि तिमीहरु विश्वास गर्दैनौ।"

128 र उहाको आफ्नै दाजुभाईहरुले उहालाई विश्वास गरेनन्। भन्नुभयो, "तिमीहरु चाडको निम्ति जाओ," उहाले भन्नुभयो, "तर त्यहाँ माथि अहिले नजाओ।" उहा अर्को बाटो भएर माथि जानुभयो, किनभने उहाको आफ्नै दाजुभाईहरुले उहालाई विश्वास गरेनन्। त्यो सहि हो। "ढोका कठिन छ, र बाटो साँघुरो छ, र तर थोरैले मात्र त्यो भेट्टाउनेछन्।"

129 जब चेलाहरुले साथ दिनपर्ने बारेमा अवस्था थियो, तिनीहरु कहाँ थिए? एउटा स्त्री र एउटा पुरुष उहासंग क्रूसमा उभिएका थिए, यूहन्ना र मरियम। बाकि रहेका सबै भागीसकेका थिए।

130 यहि नै हो साथ। यहि नै समय हो। यहि नै हो जब परमेश्वरले कार्य गर्दै हुनुहुन्छ। यो जब मसिह पृथ्वीमा हुनुहुन्छ। यहि नै हो जब परमेश्वरको शक्ति मानिसहरुमा चलिरहेको छ। र तिनीहरुले तिनीहरुलाई, "पवित्र–भनाउदो, पगालहरु, बहुलाहरु," भनि बोलाउछन्, ओ त्यस्ता कुराहरु भन्छन्। तर समय यहाँ छ!

131 त्यहाँ निश्चय नै महान् इन्साफमा केहि ठूलो निराशा हुनेछ।

132 ओ, तस्कर, उसलाई थाहा छ इन्साफको दिनमा उ कहाँ हुनेछ भनि। त्यसरी नै रक्सी खानेहरुलाई थाहा छ उ कहाँ हुनेछ भनि। त्यसरी नै व्यश्यालाई थाहा छ उनी कहाँ खडा हुनेछिन् भनि। त्यसरी नै जुवाडेलाई थाहा छ उ कहाँ खडा हुनेछ भनि। त्यसरीनै जडियालाई थाहा छ उ कहाँ खडा हुन्छ भनि। उनीहरुको निराशाजनक हुनेछैनन्।

133 तर बर्बादि त त्यहाँ तिनीहरुको हुनेछ, जसले आफुलाई सहि ठानेका थिए। त्यहि नै निराशाजनक हुनेछ। "जब तिनीहरु त्यहाँ माथि उठे, तिनीहरुले भने, 'निश्चय नै, हामीले तपाईको नाउमा दुष्टलाई धपाएका थियौ। हामी प्रचारकहरु हौ। हामी फलाना–फलाना मण्डलीहरुका हौ। हामीले महान् आश्चर्य कामहरु गरेका छौ। ओ, हामीले प्रचार गरेका थियौ! किन, मण्डली म एउटा—म एउटा सच्चा प्रबन्धक भएको छु। म बिशप भएको थिए। म *यो* भएको थिए।' म बाट दूर होइजाओ, अधर्मका काम गर्नेहरु हो, मैले तिमीहरुलाई कहिल्यै चिनेको थिईन।" त्यहाँ तपाई हुनुहुन्छ। त्यो नै निराशाजनक अवस्था हो। उहाले भन्नुभयो, "तिनीहरुका सन्तानका सन्तानहरु आउनेछन् र राज्यमा आउनेछन्, भन्नेछन्, 'यहाँ बस्ने हाम्रो हक छ,' र तिनीहरु गहिरो अन्धकारमा फालीने छन्, जहाँ रुने र कराउने र दाँत किटनेहरु हुनेछन्।" "ढोका कठिन छ, बाटो साँघुरो छ, जसले जीवनमा डोहोर्याउदछ, तर थोरैले मात्र त्यो भेट्टाउनेछन्।"

134 तपाईलाई, मेरा प्रिय मानिसहरु, यस बिहानीमा, यसलाई सुन्नुहोस्। मैले कहिल्यै यो बनाएको छैन। यो भनेकोमा म जिम्मेवार छु। यहि नै सबै जसको लागि म जिम्मेवार छु। यदि मैले मेरो जीवनमा कहिल्यै अर्को प्रवचन प्रचार गरिन भने, त्यहि नै सत्य हो: त्यहाँ केवल थोरै मात्र मानिस हुनेछन्

जो बचाईने छन्। मात्र यो याद गर्नुहोस्: मात्र धेरै थोरै छन्, ती मध्ये तपाई एक बन्नुहोस्।

135 "तिनीहरु को हुन्, भाई ब्रन्हाम?" म जान्दिन। कसैलाई पनि थाहा छैन। हामी हाम्रो आफ्नै मुक्तिको निम्ति भयका साथ र कामेर कार्य गर्छौं।

136 तर तपाई परमेश्वरसंग मिल्न जानुहोस्। यदि तपाईको हृदय बाईबलसंग धड्कीदैन भने, त्यसो हो भने त्यहाँ केहि गलत छ, त्यहाँ केहि गलत छ। तपाईको मण्डलीले जे सुकै भनोस्, त्यसरी तपाई भित्र पस्न सक्नुहुन्न। परमेश्वरले के भन्नुहुन्छ त्यो बाट भएर तपाई भित्र जानुपर्छ। यहि नै पुस्तक हो जसबाट तपाईको इन्साफ गरिन्छ, यो बाईबल। यसमै बसिरहनुस्!

137 "ओ," तपाई भन्नुहुन्छ, "ठिक छ, म प्रभु येशूको नाउमा बप्तिष्मा भएको छु।" त्यो सहि हो, त्यो बाईबल हो। तर यदि त्यो जीवनले पछ्याउदैन भने, तपाईले बप्तिष्मा लिएर यसले तपाईलाई केहि भलो गरेको छैन।

138 तपाई भन्नुहुन्छ, "ठिक छ, मैले पवित्र आत्मा प्राप्त गरेको छु।" त्यो राम्रो हो, त्यहि नै हो जो तपाईले गर्नुपर्ने। तर यदि जीवन त्यहाँ छैन भने!

139 याद गर्नुहोस्, सामाले त्यहि शक्ति पाउछ जुन गहुँले हुर्कनको निम्ति पाएको हुन्छ, सामालाई पनि कराउने बनाउछ। त्यो सानो सामा ठाडो उभिन्छ र उत्तिकै खुसी हुन्छ जत्तिको गहुँ हुन्छ। त्यो सहि हो, त्यहि जीवनबाट जिउछ। र पापी परमेश्वरको उपस्थितिमा बस्न सक्छ, विजयको अवाज कराउन सक्छ, र एउटा इसाई जस्तै गरि जिउन सक्छ। तर यदि त्यहाँ हृदयमा केहि भिन्नता छैन भने! दुष्ट आत्मा धपाउन उसंग उहि शक्ति हुनसक्छ। येशूले त्यसो भन्नुभएको छ। त्यसले सुसमाचार उस्तै राम्रोसंग प्रचार गर्न सक्छ जस्तो अरु प्रचारकले गर्छ। त्यहि नै वास्तविक रूपमा येशूले भन्नुभएको थियो बाईबलले यो सिकाउछ। हो, श्रीमान्। "मैले मानिसहरुको र स्वर्गदूतहरुको भाषा बोले तापनि, मैले आफ्नो शरीर बलिदानको रूपमा जल्नलाई दिएपनि, मैले मेरा सबैकुरा गरीबलाई खानको निम्ति दिईहाले भने पनि, पहाड हटेर जाओस भन्ने विश्वास ममा भए तापनि, मैले यी सबै काम गरे पनि, मैले उहाको नाउमा प्रचार गरे पनि, उहाको नाउमा मैले भूतआत्मा धपाए तापनि," उहाले भन्नुभयो, "म केहि पनि होइन।" त्यसैले उनले त्यो गर्न सक्छ, र पनि "शून्य" नै हुन्छ। ज्ञान पाउनु भयो?

140 अब, गर्न पर्ने कुरा भनेको, हृदयबाट नै एउटा इसाई बन्नुहोस्, अब कठिन ढोकामा प्रवेश गर्नुहोस्, किनकि, फराकिलो हुन्छ बाटो जसले विनाशमा पुर्याउछ, र लाखौ गुणा लाखौ पुस्ताका विश्वासीहरु त्यहाँ जानेछन्। किनभने, ढोका कठिन छ, बाटो साँघुरो छ, मात्रै तपाई र ख्रीष्ट एक्लै हुनेछ।

141 "बाटो साँघुरो छ जसले जीवनमा डोहोर्याउछ, र थोरैले मात्रै त्यो भेट्टाउनेछन्।" अब, त्यो हाम्रो प्रभुको शब्दहरु हुन्। मेरो! उहाले के गर्दै हुनुहुन्थ्यो? त्यहाँ खडा भएर तिनीहरुको विचारहरु पत्ता लगाउदै हुनुहुन्थ्यो।

142 र उसले के भन्यो, "उ बालजिबुल हो। ठिक छ, कसरी उ परमेश्वर हुनसक्छ? उ त एउटा मान्छे हो! यो विवेक कहाँबाट आयो?" तिनीहरुले उहाकै आफ्नै शहरमा त्यसो भने।

143 जब तपाई यो शहरमा हिड्नुहुन्छ यहाँ, यो यस्तो देखिन्छ...मैले तपाई जनहरुमा कुनै अवहेलनाको रूपले भनेको होइन; तपाईहरु इसाईहरु हुनुहुन्छ, तपाईले मलाई प्रेम गर्नुहुन्छ। तपाई यो शहरमा हिड्नुहुन्छ, र यो यस्तो देखिन्छ कि शैतानको शक्तिले तपाईलाई जितेको छ। यो ठाउ दूषित छ। यो शहर दण्डनीय छ।

144 बिल्ली ग्राहामले के भनेका थिए जब उनी लुइसविलमा प्रवेश गरे? उसले भन्यो कि त्यो "अति दुष्टले शक्ति बनाएको ठाउ" हो, जुन उनले जीवनमै कहिल्यै देखेको छैन। त्यो उनले कागजमा लेखे, भने, "तपाईले केवल दुष्टको दमन महसूस गर्न सक्नुहुन्छ।"

145 पक्कै पनि, मैले त्यो महसूस गर्न सक्छु। किन? यो मेरो आफ्नै घर हो। जब येशू आफ्नै घरमा फर्कनुभयो, उहाले भन्नुभयो धेरै शक्तिशाली काम उहाले गर्न सक्नुभएन, किनभने तिनीहरुको अविश्वासको कारणले। भन्नुभयो, "आफ्नो निज देशमा र आफ्ना मानिसहरु विचमा एउटा अगमवक्ता, एउटा प्रचारकको आदर हुदैन।" बुझ्नुभयो? तपाईले केहि गर्नसक्नुहुन्न, धर्मशास्त्रले नै यसरी भन्दछ। बुझ्नुभयो?

146 अब, जब तपाई यहा शहरमा हिनुहुन्छ! र मलाई नभन्नुस् कि मैले जान्दैन थिए। म मानिसहरुको मा हिडे जसले मेरो हात मिलाउछ र भन्छ, "ओ, भाई ब्रन्हाम, म तपाईलाई प्रेम गर्छु।" र तपाईलाई थाहा छ त्यो झुट

हो! तपाई जान्नुहुन्छ त्यो एउटा झुट हो। यदि परमेश्वरले मलाई हृदयको गुप्तको कुरा भन्नसक्नुहुन्छ भने, किन उहाले मलाई यो भन्नसक्नु हुन्न र?

147 निश्चय नै, र यो शहरको चारैतिर ठिक तपाईहरुको आफ्नै मानिसहरुको विचमा! जब तिनीहरुले तपाईलाई देख्छ, भन्छन, "ठिक छ, तपाई जान्नुहुन्छ, मैले देखेको थिए कहाँ फलाना–फलाना..."

"कहाँ? कहाँ थियो त्यो?"

"माथि त्यहाँ..."

"ह! हामी चिन्छौ त्यो मान्छे!"

148 तपाईले त्यो महसूस गर्नुहुन्छ। मलाई केहि भन्न दिनुहोस्, तपाईले कसैलाई आफ्नो घरमा आउन दिनुहुन्छ जसले तपाईलाई त्यति मन पराउदैन, तपाईको घरमा एकछिन बस्छ र त्यो ठट्टाको भावना महसूस गर्छ। त्यसलाई चौधौ हजारले अहिले गुणन गर्नुहोस्, तब तपाईले थाहा पाउनुहुन्छ म अहिले के बारेमा बोलिरहेको छु भनि। तब तपाई त्यो ठाउमा जानुहोस् जहाँ तपाईलाई सबैले प्रेम गर्छ, त्यो स्वागतको भावना, ओ, अनि तपाई केवल त्यहाँ सधैको निम्ति बस्न सक्नुहुन्छ, बुझ्नुभयो। त्यहि नै हो, बुझ्नुभयो, यो एउटा आत्मा हो। र मानिसहरुले त्यो बुझ्दैनन् त्यो के हो भनेर, तिनीहरु अचम्म मान्छन् किन मानिसहरु यति दूषित छन् भनेर।

149 के कुराले असल स्त्रीलाई, के कुराले असल स्त्रीलाई त्यो फोहोर लुगा लगाएर त्यहाँ बाहिर हिड्न लगाउछ? केले बनाउछ, अब अहिले अझै पनि जाडो छ, सानो सोह्र वर्षको केटि, त्यो कपडा लगाएर हिड्छ जुन उनको आमाको अगाडि लगाउन सुहाउदैन, र बाहिर सडकमा हिड्छ? यो त्यो बालिकाको कारण होइन (त्यो बालिकालाई केहि राम्रो थाहा हुदैन), तर किनकि कुनै प्रचारकले पुलपिटमा आफ्नो पदको दायित्वलाई पुरा गर्न असफल भएकोले हो। त्यो वास्तवमै सहि हो। पक्कै पनि। स्त्रीहरु बाहिर सडकमा निस्किन्छन्, र सबै कामुक–कपडा र त्यस्ता कुरा, र पापीले तिनीहरुमा हेर्छन् र जान्दैनन् कि उनी वास्तवमै उत्तिकै दोषी छिन् जत्ति उनी त्यहि पुरुषसंग बस्छिन्। येशूले त्यसो भन्नुभयो! येशूले भन्नुभयो, "कसैले यदि एउटा स्त्रीलाई कामुकताले हेर्छ भने, उसले आफ्नो हृदयमा त्यस स्त्रीसंग व्यविचार गरिसकेको हुन्छ, र इन्साफको दिनमा त्यो उभिन पर्ने हुन्छ।" "ढोका कठिन छ, र बाटो साँघुरो छ!"

150 म जान्दछु कि तपाई सोच्नुहुन्छ म कठोर मानिस हुँ। म कठोर छुइन, र म तपाईलाई प्रेम गर्छु।

151 आउदै गरेको क्रोधबाट आफुलाई बचाओ! क्रूसमा जानुहोस् र तपाईको हृदय आत्माले नभरिएसम्म रुनुहोस्, त्यसले संसारको सबैथोकबाट तपाईलाई तर्काएर ल्याउछ, र उहाको अगाडि भक्तिपूर्ण भई हिंड्नुहोस्, तपाईको हृदय उहाको निम्ति जलन राखेर हिड्नुहोस्। एउटा कामलाई प्रेम नगर्नुस्। ख्रीष्टको सेवा गर्नको लागि ख्रीष्ट एउटा काम होइन, त्यो त प्रेम हो जसले ख्रीष्टको सेवा गर्छ। त्यसले तपाईलाई तबसम्म काँट्छ, छाँट्छ, जबसम्म तपाईको जीवनको प्रत्येक नशाले उहासंग ढुकढुकिदैन। त्यो तब हो जब तपाईले पाप देख्नुहुन्छ।

152 र उहा पृथ्वीको लागि रुनु भयो। यसले नोआको दिनमा परमेश्वरलाई दुखित तुल्यायो, जब उहाले हृदयहरुलाई हेर्नुभयो। र येशू माथि डाँडामा बस्नुभयो, र भन्नुभयो, "ए यरुशलेम, ए यरुशलेम, धेरै पल्ट मैले तलाई बटुले, तर तेरो समय आएको छ र तेरो घर उजाड छोडिएको छ।"

153 त्यस्तैनै परमेश्वरको पुत्रको आउने दिनमा हुनेछ, साचो वास्तविक विश्वासीहरु को हृदय टुक्रिएको छ। उहाले ठिक अहिले त्यहाँ भूमी जागृतिले बडारेको देख्नुहुन्छ। यो कसरी एक नाजायजहरुबाट हुन सक्छ? कसरी यो हुनसक्छ, जबकी शुरूवात गर्नको निम्ति नै तिनीहरु दोषी छन्?

154 परमेश्वरको राज्य एउटा जालहारीले समुन्द्रमा जाल हानेको जस्तै हो, र, जब उसले त्यसलाई ल्यायो, उ संग कछुवा, टेरपिन, सर्प, भ्यागुता, र केहि माछाहरु थियो। उसले निर्णय गरेको थिएन कुन ल्याउने भनेर, उसले केवल किनारमा फालिदियो। त्यहि नै हो जुन सुसमाचार ले गर्छ। त्यहि नै जुन बिल्ली ग्राहाम, ओरल रोबर्ट्स, म आफै, र सबै अरु प्रचारकहरु जसले सुसमाचार प्रचार गरिरहेका छन्, त्यसरी फाल्छन्, त्यसलाई तान्छन्, "त्यहाँ तिनीहरु छन्, प्रभु।" तर हामी सबै प्रत्येक समय के गरिरहेका छौ? फेरी फर्केर जानुभन्दा हामीले पत्ता लागाऔ, तिनीहरु फेरी पनि ठिक त्यो तालमा छन्। यो के हो? शुरू गर्नको लागि त्यो कछुवा हो। जालमा पकड़ीन को निम्ति, त्यसले उसलाई परिवर्तन गरेनन्। उ शुरू गर्नको लागि कछुवा थियो। उ टेरापिन थियो शुरू गर्नको निम्ति। उ सर्प थियो शुरू गर्नको निम्ति। उनी मण्डलीमा आउनुभन्दा पहिले पाखण्डी थियो। उसंग पिउन र जुवा, र चुरोट पिउन र झुटो बल्न, र चोर्न छोड्नको निम्ति कुनै

चाह थिएन। उ केवल आएका थिए किनभने उनी नर्गबाट डराएका थिए। जब तपाईले यसो गर्नुहुन्छ तपाईले आफैलाई बढि यसको निम्ति एउटा उम्मेद्वार बनाउनुभएको छ। त्यो सत्य हो। "ढोका कठिन छ, र बाटो साँघुरो छ, र थोरैले मात्र त्यो भेट्टाउनेछन्।"

आउनुहोस् प्रार्थना गरौ।

155 प्रभु, ओ, मलाई खोज्नुहोस्, प्रभु। यसरी प्रचार गरिसके पछि, मलाई तपाईको सामू तपाई को इन्साफमा आउनुपर्ने हुनबाट रोक्नुहोस्। ओ, यदि त्यहाँ म मा कुनै अशुद्ध कुरा छन् भने, प्रभु, त्यसलाई हटाईदिनुहोस्, विन्ती छ! हामीले हामी जिईरहेका दिनलाई देख्न सकौ, जब पुरुष र स्त्रीहरु अति रुखो हुदै गएका छन्। तिनीहरु शर्ममा छन्। तपाईले एकपटक भन्नुभयो, "सियोनको छोरीहरुको विचमा कुनै शर्म समेत छैन।" तिनीहरुको नैतिकता यतिसम्म खोसिएको छ कि तिनीहरु शरम समेत मान्दैनन्। ओ प्रभु, यसको बारेमा सोच्नुहोस्! र यो जन्नुहोस् कि समयले डाँडा काटिसकेको छ, केवल एक मिनेट वा दुइटा बढि, र त्यसपछि महा विनाश आउनेछ, तब अधर्मीलाई अझै अधर्मी हुन दिनुहोस्।

156 परमेश्वर, आजको विहानमा हामी सबैलाई जागा उठाउनुहोस्। हामीलाई हल्लाउनुहोस्, प्रभु! हामीले चिन्हहरु देखापरेको देखेका छौ। हामीसंग आँखा खुल्ला छ त्यो थाहा पाउन को निम्ति। हामीले देख्छौ लाखौ, लाख, प्रभु, जसले ढाँड फर्काएर टाढा गएका देखेका छौ। म सोच्छु, म के गर्न सक्छु, म के गर्न सक्छु, ओ प्रभु? के त्यहाँ केहि छ मैले गर्न सक्ने, प्रभु? यदि यसले धेरै प्रचार, धेरै प्रार्थना, धेरै अरु केहि छ, मलाई मद्धत गर्नुहोस्, प्रभु, ताकि मैले मानिसमा सुसंदेश ल्याउन सकूँ। मैले के गर्न सक्छु? तर तिनीहरुले लगातार त्यसलाई तल फर्काएका छन्। तपाईले तपाईको महान् चिन्हहरु र आश्चर्यको कामहरु गर्नुहोस्, र तरै पनि मानिसहरु निस्केर जान्छन्। के यो तपाई को धर्मशास्त्र नै पूरा हुनपर्ने हो, के यो नै समय हो, "पिताले नल्याएसम्म कुनै पनि मानिस आउनसक्दैन, र ती सबै जसलाई पिताले मलाई दिनुभएको छ म कहाँ आउनेछन्?" प्रभु परमेश्वर, यस बिहानीमा प्रदान गर्नुहोस् ताकि मानिसहरु जागा रहन् सकून् र पृथ्वीको यो अन्तिम चिन्ह देख्न सकून्। म प्रार्थना गर्दछु, परमेश्वर, कि तपाईले मानिसहरुलाई केहि प्रदान गर्नुहुनेछ।

157 यी थोरै मानिसहरुलाई यस बिहानीमा आशिष दिनुहोस्। परमेश्वर, भाई नेभिल संग शुरूवात गर्नुहोस्, प्रभु। उहाको शरीरलाई चंगाई गर्नुहोस्। उहा यो बिहानमा बिमार हुनुहुन्छ, प्रभु, पेटको समस्यामा छ। म प्रार्थना गर्दछु कि तपाई उहा माथी हुनुहुनेछ। उहाको प्राणलाई हल्लाउनुहोस्।

158 परमेश्वर, यो भ्फुण्डसंग बाहिर जानुहोस्। त्यहाँ पुरुष र स्त्रीहरु छन् जसलाई इन्साफको दिन नआउन्जेल मैले कहिल्यै देख्न नसकूला, तब मैले लेखा दिनपर्ने हुन्छ। तर मैले तपाईको वचन पढेको छु, "ढोका कठिन छ, र बाटो साँघुरो छ, र थोरैले मात्रै त्यो भेट्टाउनेछन्।" ओ प्रभु, यो नै ती "थोरै," ती मध्ये केहि, के गर्नुहुन्छ, प्रभु? त्यो यहाँ भएका प्रत्येक व्यक्तिलाई प्रदान गर्नुहोस्।

159 म प्रार्थना मात्र गर्नसक्ने मान्छे को रूपमा प्रार्थना गर्दछु। प्रभु, यी मानिसहरुले मेरो निम्ति जे पनि गर्न सक्छन्, जब सम्म त्यो मलाई मद्धत हुनेछ। यदि म भोको थिए भने तिनीहरुले मलाई खुवाउने थिए। यदि मलाई सूट चाहिन्छ भने तिनीहरुले मेरो निम्ति किनिदिन्छन्। सुसमाचार प्रचार गर्नको निम्ति तिनीहरु म संग एउटा कार किन्न पनि जाँदछन्। त्यो तरिकामा तिनीहरुले जे पनि गर्दछन्। ओ पिता, तिनीहरुको प्राणलाई खोज्नुहोस् यो बिहानीमा, कृपया गर्नुहोस्, र तिनीहरुलाई तपाईको अगाडि खोज्न दिनुहोस्। म जान्दिन, म भरोसा राख्दछु कि प्रत्येक यहाका चुनिएकाहरु मध्ये हुन्। र मलाई पनि त्यस मध्ये राख्नुहोस्, प्रभु। यदि त्यहाँ ममा केहि पनि कारण छ जसले गर्दा म त्यहाँ हुनसक्दिन, प्रभु, तपाईले केवल मलाई प्रकट गरिदिनुहोस्, म ठिक अहिले त्यसलाई सहि बनाउने छु। म निश्चित हुन चाहन्छु, प्रभु, कि त्यस बिहानी त्यहाँ कुनै समस्या हुनेछैन त्यो नदिमा। त्यस दिनमा म भित्र जान चाहन्छु। म जान्दिन त्यो कहिले हुनेछ, त्यो अभै पनि हुनसक्छ। त्यसैले मलाई थाहा गर्न मद्धत गर्नुहोस्, यो थाहा गर्न यी मानिसहरुलाई साहयता गर्नुहोस्।

160 र जब हामी आफ्ना हृदयले वास्ता नगरेको देख्छौं! ओ, हामीले रेडियोमा एउटा असल संदेश सुन्नलाई रमाउछौ, वा मण्डली जानलाई। हामीले एउटा असल संदेशलाई कदर गर्छौं। हामी येशू को बारेमा बोल्न कहिँ पनि हिच्किचाउदैनौ। तर, प्रभु, पाप हाम्रो निम्ति एउटा बोझ हो, र यसले हाम्रो आँखामा आँशु ल्याउछ, रोएर र कराएर र यसको विरुद्धमा खडा भएर, सबै कुरा, त्यो घृणित कुरा जुन यो शहरमा गरिएको छ? प्रभु,

परमेश्वरको स्वर्गदूतले हामीमा यो देख्न सकेको होस् र हामीलाई चिन्ह लगाएको होस्। प्रदान गर्नुहोस्, प्रभु।

161 आउनुहोस्, प्रभु येशू, अब र हाम्रा हृदयहरु, र तपाई हाम्रो विचमा हुनुभएको साचो चिन्ह दिनुहोस्, ताकि यो पुस्ताको अन्त्य हुनुभन्दा अघि हामीले अन्तिम चिन्ह प्राप्त गरिरहेका छौ भनि हामीले जान्न सकौ।

162 र हामीले देख्दछौ यो नाजायजपन, जब मानिस यस देशमा जिईरहेका छन् र अर्को पुरुषको श्रीमतीहरुबाट बच्चा जन्माउदै छन्, र—र साना केटिहरु सडकमा, र सयौ प्रत्येक वर्ष विद्यालयबाट निस्केर र किशोरअवस्थामा आमा बनिरहेका छन्, र त्यहाँ कुनै सम्मान छैन, र कसरी ती स्त्रीहरु विष बनिरहेक छन्, आफैमा, चुरोट पिएर र—र रक्सी पिएर, र टेलिभिजन र त्यस्तै कुराहरुले बालबच्चाको मस्तिष्क भ्रष्ट बनाईरहेका छन्। ओ प्रभु, कहिले सम्म यो रहिरहन सक्छ? र तपाई, एउटा पवित्र परमेश्वर!

163 ओ पिता, आज म—म अचम्मको महसूस गर्छु कि केहि तुरुन्तै गरिनु पर्छ, प्रभु। म जान्दिन के भन्नु पर्छ भनि, तर म प्रार्थना गर्दछु, प्रभु, कि हामीले के गर्नुपर्छ भनि तपाईले हाम्रो हृदयमा राखिदिनुहुनेछ। यी कुराहरु प्रदान गर्नुहोस्, प्रभु। हामी ती माग्दछौ येशूको नाउमा। आमेन।

164 समय हातैमा छ। प्रत्येक संवेदनशील मानिस जो संग विचार छन्, तिनीहरु जान्छन् कि केहि हुन आउदै छ। यो भवनमा त्यहाँ कोहि पनि छैन, जो राम्रो सोचमा छन्, जान्दछन् कि यस संसार यहि अवस्थाहरुमा रहिरहन सक्दैन।

हामी यसरी रहन सक्दैनौ, मित्रहरु। त्यहाँ एउटा पनि कुरा छैन, तपाई को पाष्टर र तपाईको भाई भएको नाताले, त्यहाँ एउटा पनि कुनै कुरा छैन यस बिहानीमा कि जसमा मैले तपाईलाई येशू ख्रीष्ट बाहेक अरु केहीमा डोहोर्याउन सक्छु। त्यहाँ कुनै एउटा कुरा नै छैन जुन मैले जान्दछु। केवल ती कुराहरुमा विचार गर्नुहोस् जुन र्याप्चर भन्दा अगाडि हुन आउनको निम्ति अगमवाणी गरिएको छ, जतिपनि कुरा मैले थाहा पाएको थिए त्यो गरिएर पूरा भैसकेको छ।

165 तपाई भन्नुहुन्छ, "पशुको छापको विषयमा चाहि के हो त?" त्यो त महासंकष्टको दिनमा हुन आउछ। त्यो बेला मण्डली गइसकेको हुन्छ, बुझ्नुभयो। यसलाई छाप लगाईनु पर्दैन, यो गइसकेको हुन्छ, बुझ्नुभयो।

चिन्ह लगाउने अहिले हुदै छ। चिन्ह लगाईनु नै देखाउदै गएको छ, छाप। परमेश्वर तर्फ जाउ, उहामा छिट्टो जाउ!

166 म सोच्छु यो बिहानीमा, हामी यहाँ केहि मिनेटको लागि पर्खदै गर्दा। र मलाई महसूस हुन्छ कि तपाई गर्नुहुन्छ। म—म तपाईको भावना महसूस गर्न सक्छु, तपाईहरु प्रत्येकले विचार गर्न कोशिष गर्दै हुनुहुन्छ, “ओ परमेश्वर, मलाई खोज्नुहोस्!” त्यहि नै तरिकामा मैले पनि महसूस गर्छु। म जान्दछु कि यी संदेशहरु जस्तो, मित्र, मानिसहरुमा लोकप्रिय छैन। तपाईले तिनीहरुलाई निन्दा गर्नुहुन्छ र तपाई...तपाई—तपाई केवल तिनीहरुलाई तल पार्नुहुन्छ। कसैले त्यो गर्नुनै पर्छ। म इच्छा गर्छु कि यो अरु कोहि भईदिए हुन्थ्यो। तर यदि यो मैले गर्नको निम्ति मेरो पक्षमा झर्छ भने; यदि म तुच्छ हुन पर्ने महिला हुनुपर्नेछ भने, मलाई तुच्छ हुन दिनुहोस्। यदि म...दाउदले भनेका थिए, “दुष्टको पालमा बस्नुभन्दा त परमेश्वरको ढोके हुन मलाई मन पर्छ।” त्यो सहि हो। जे पनि परमेश्वरले तपाईले गरेको चाहनुहुन्छ, त्यो गर्नुहोस्। लाज नमान्नुहोस्। यदि त्यहाँ...

167 र, याद गर्नुहोस्, म जान्दछु कि त्यो महान् कुरा हो। भन्नुहुन्छ, “भाई ब्रन्हाम, तपाईले भन्नुहुन्छ मात्रै आठ ओटा प्राण बच्नेछ?”

168 म जान्दिन कति जना बचाईनेछ, मैले तपाईलाइ भन्न सक्दिन। तर म एउटा कुरा भन्छु यो जस्तो दिनमा तिनीहरु एकदम थोरै हुनेछन्। केवल सोच्नुहोस्, त्यो दिनमा जुनमा उहा हुनुहुन्छ, कति जना जती बचाईएका थिए। नोआको दिनको बारेमा सोच्नुहोस्, र लोत को दिनलाई सोच्नुहोस्, र ती सबैलाई, उहाले भन्नुभयो, “त्यस्तै नै मानिसको पुत्रको आउने दिनमा हुनेछ, ‘किनकि ढोका कठिन छ, र बाटो साँघुरो छ।” तपाईले देख्नुहुन्छ, तपाई आफ्नै कारणले जादैहुनुहुन्छ, उहासंग, र त्यहि नै सबै हो। बुझ्नुभयो? “तर थोरैले मात्र भेट्टाउनेछन्।” कति जनाले त्यो सुसमाचारीय सत्य हो भनि विश्वास गर्नुहुन्छ? येशू ख्रीष्टले त्यसो भन्नुभयो, “थोरैले मात्रै त्यो भेट्टाउनेछन्।” केवल एकदम थोरैले। ती थोरै मध्ये एक हुनुहोस्। म जान्दछु त्यो कठिन छ, यो कठोर छ। र यो भन्दा मलाई यसले कठिन बनाउछ, तपाईको निम्ति एउटा मानवीय प्रेम महसूस गर्छु, तर तपाईलाई भन्नको निम्ति परमेश्वरको प्रेमले मलाई विवश बनाउछ।

169 अब, त्यहि पवित्र आत्माले अब्राहामको दिनमा कार्य गरेको थियो, त्यहि आत्माले परमेश्वरको दिनमा कार्य गरेको थियो, त्यहि कार्य आज यहा गर्नको

निम्ति प्रतिज्ञा गरेको थियो। उहा यहाँ हुनुहुन्छ। अब, यदि मैले तपाईलाई सत्य भनेको छु भने, परमेश्वर त्यो सत्यताको निम्ति बाध्य हुनुहुन्छ।

170 यदि मैले मेरो वचन राखिन भने। यदि तपाईले आफ्नो वचन राख्नुभएन भने, तपाई आफ्नो वचनको पक्का हुनुहुन्न। अब, मैले तपाईलाई केहि वाचा गरेको हुनसक्छु र मैले गर्न सकिन, तर—तर म आउनेछु र भन्नेछु। यदि मैले तपाइको केहि ऋणी भए भने, र तपाईबाट लुकाउछु भने, म एउटा पाखण्डी हुँ। यदि म आएर तपाईलाई भन्छु भने, "म तपाईको ऋणी छु, तर मैले तिर्न सक्दिन, तर मैले सक्दो प्रयास गर्नेछु," तब तपाई मलाई क्षमा दिनुहुन्छ र मलाई मद्धत गर्नुहुन्छ। बुझ्नुभयो?

171 हामी सबैजना परमेश्वरको केहि ऋणी छौ। हामी उहाबाट जीवनको ऋणी भएका छौ। आउनुहोस् यो विषयमा हामी इमान्दार होऔ। बाहिर हिड्नुहोस् र भन्नुहोस्...यस्तो नभन्नुस्, "ठिक छ, अब हेर्नुस्, म—म प्रेस्बिटेरियन हुँ। म मेथोडिष्ट हुँ। म पेन्टिकोष्टल हुँ। म चर्च अफ गड हुँ। म नाजरिन हुँ। म पिल्ग्रिम होलिनेस् हुँ।" त्यसो नसोच्नुहोस्! त्यहाँ लाखौजना नरकमा हुनेछ। तपाई ख्रीष्टमा एउटा इसाई बन्नुहोस्।

172 कति जनाले भन्नुहुनेछ, "भाई ब्रन्हाम, मलाई प्रार्थनामा अहिले सम्झनुहोस्, म माथि उठ्न चाहन्छु?" परमेश्वरले तपाईलाई आशिष दिउन्।

173 प्रभु, तपाईले तिनीहरुको हात देख्नुहुन्छ। समय यहि छ, महान् पवित्र आत्माले यस भवनलाई आज बिहानीमा स्तब्ध बनाएको छ। मैले तपाईको उपस्थिति महसूस गर्न सक्छु। म जान्दछु तपाई यहाँ तपाईको वचनलाई गौरव प्रदान गर्न आउनुभयो, "म परमप्रभुले रोप्दछु, र मैले नै दिन रात पानी हाल्छु, नत्रता त्यसलाई कसैले मेरो हातबाट टिप्ला।" तपाईले नै तपाईको वचन एउटा उदेश्यका साथ पठाउनुभयो, र त्यसले त्यो गर्न पर्नेछ, प्रभु। धर्मशास्त्रले भन्दछ कि तपाई हिजो, आज र सधैंभरी एकसमान हुनुहुन्छ।

174 तिनीहरुले विश्वास गर्न सकेनन्, तपाईको दिनहरुमा तपाईमा पवित्र आत्मा थियो भनेर ती मानिसहरुले विश्वास गर्न सकेनन्। र तपाईले आफैलाई (एउटा मानिसचोला मा हुँदा) परमेश्वर बनाउनुभयो, जो, तपाई कन्या कुमारीबाट जन्मेको परमेश्वरको पुत्र हुनुहुन्थ्यो जो पृथ्वीमा आउनुभयो हामीलाई उद्धार दिनको निम्ति। र किनभने तिनीहरुले तपाईमा परमेश्वरको आत्मा देखे, तिनीहरुले त्यसलाई फरक बनाउन कोशिष गरे। र

तपाईले तिनीहरुलाई भन्नुभयो, प्रभु, "यो म होइन जसले यी कामहरु गर्दछ, उहा मेरो पिता हुनुहुन्छ जो ममा हुनुहुन्छ जसले यी कामहरु गर्नुहुन्छ। यदि तिमीहरुले अब्राहामलाई आफ्ना 'पिता' भनि बोलाउछौ भने, अब्राहामले मेरा दिन देखे।" निश्चयनै, उनले देखे, जब उनी उहाकै छेउमा उभिरहेका थिए, उहाले ती कामहरु र चिन्ह गरेका देखे। "उनले मेरो दिन देखे र आनन्दित भए।" भन्नुभयो, "तिमीहरु भ्रममा परेका छौ, किनकि तिमीहरु धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ, कसरी त्यो परमेश्वरले कन्यालाई पवित्र आत्माद्वारा गर्वधारण गराउनुभयो, र एउटा छोरा ल्याउनुभयो (एउटा कन्याद्वारा जन्माएर), र उहा आफै उहाकै शक्तिको परिपूर्णतामा त्यो एउटा मानिसमा वास गर्नुभयो।"

175 र कसरी उहाले त्यस शरीरबाट उहि रगतलाई लिएर एउटा बलिदानको रुपमा, र एउटा मानिसलाई शुद्ध बनाएर ताकि उहा आफै त्यस भित्र बस्न सक्नको निम्ति, र उहाको कार्य अन्त्यको समाप्ति सम्म गर्नको निम्ति! ओ परमेश्वर, मानिसहरुलाई जागा उठाउनुहोस् यो देख्न सक्नको निम्ति। प्रदान गर्नुहोस्। प्रत्येकलाई बचाउनुहोस् जसले आफ्नो हात उचालेका छन्। तिनीहरुको हृदय शुद्ध परिदिनुहोस्। प्रभु, मेरा हातहरु पनि माथि छन्। मलाई पनि शुद्ध पार्नुहोस्, ओ प्रभु। यो एउटा सुधारको घर हो। यो त्यो स्थान हो जहा हामी धोईनु पर्दछ। यस बिहानी पवित्र आत्माले हामीलाई धुन दिनुहोस्, र हामीलाई भ्रष्टता बाट धोईदिनुहोस्।

176 हामी प्रार्थना गर्छौं, प्रभु, कि त्यहाँ एउटा पनि व्यक्ति छुट्टिईने छैन यहाबाट तर तपाईको आत्माद्वारा भरिएको होस्। र हुनसक्छ त्यहाँ एउटा पनि भावना बाहिरबाट नहुनसक्छ जब यो हुन आउनेछ। तर, प्रभु, भित्रपट्टि जानुहोस्, आवरण तान्नुहोस् र हामी के हौ देखाउनुहोस्, प्रभु। प्रदान गर्नुहोस्। र त्यसपछि हामीलाई तपाईको आत्माद्वारा भर्नुहोस्, सत्य र शुद्ध हृदयसंग गर्नुहोस्। र यो सतावटको र कठिन परिक्षाको समयमा, जसै हामी हिड्दछौ तपाई हामीमा अझै मिठास र प्रिय भई बढ्नुहुनेछ, त्यो दिनको पर्खाईमा रहनेछौ। जसै हाम्रा गालाहरुमा आशु झरेर आउछ, यस शहरको पापको निम्ति, पवित्र आत्माले तर हेर्नुभएको होस् र भन्नुभएको होस्, "त्यहाँ एकजना छ जसलाई मैले छाप लगाउन सक्छु, उ मेरो हो, उनी मेरी हुन्।" प्रदान गर्नुहोस्, प्रभु। त्यो हामी मध्येमा पाउनसकेको होस्। हामी माग्दछौ येशू ख्रीष्टको नाउमा। आमेन।

दिनको अन्त्य तिर जब म नदिमा आए,
र दुखको अन्तिम बतास चल्यो;
त्यहाँ कोहि पर्खिरहेको हुनुहुनेछ जसले मलाई बाटो
देखाउनुहुनेछ,
मैले यर्दन एक्लै तर्नुपर्नेछैन

मैले एक्लै यर्दन तर्नुपर्नेछैन,
मेरो सबै पाप प्रायश्चितको निम्ति येशू मर्नुभो;
जब मैले अन्धकारलाई देख्दछु, उहा मलाई पर्खिरहनु
हुनेछ
मैले यर्दन एक्लै तर्नुपर्नेछैन

177 म उहालाई अहिले चिन्न चाहन्छु। मेरो हात लिनुहोस्, अमूल्य प्रभु, मलाई अगुवाई गरि नै रहनुहोस्, मलाई खडा हुन दिनुहोस्। मलाई यहाँ खडा हुन दिनुहोस्, प्रभु, ती सबैको विरुद्धमा जुन गलत भनिन्छ, सबै कुरा जुन गलत देखिन्छन्। अरुले के भन्छन् त्यो कुराको मलाई वास्ता छैन, मलाई खडा हुनदिनुहोस्, प्रभु। जब मैले गर्नसक्ने सबै गरिसके, मलाई खडा हुन सहायता गर्नुहोस्। मेरो हात समाउनुहोस् र त्यसबाट मलाई तान्नुहोस्, प्रभु। केहि गर्नुहोस्, मलाई खडा हुन दिनुहोस्। जब ती कुराहरु आउनेछन्, र यस संसारको धन सम्पति र यसको सबै वैभव र यसको महिमा; यस कुरामा मेरो आँखा अन्धो पारिदिनुहोस्, मलाई केवल उहालाई मात्र हेर्न दिनुहोस् जो मेरो निम्ति मर्नुभयो। यदि यसले मेरा सबै मित्रहरु नै मैले चुकाउनुपर्छ, यदि यसले म संग भएको सबै कुरा चुकाउनुपर्छ; त्यसले एउटै पनि अर्थ राख्दैन, म ती सबै वेदिमा आत्मासमर्पण गर्छु। त्यहि नै हो, मलाई वफादार खडा हुनदिनुहोस्। र कुनै दिन जब श्वास मेरो सामने मेरो विरुद्धमा बतासिन्छ, र म जान्दछु कि मेरो हृदय गएको छ र मेरा दिनहरु सिद्धिएको छ, र मेरो समय सिद्धिएको छ र मेरो कष्टबाट मेरो स्थान निकालिएको छ, म यर्दन एक्लै तर्न चाहदिन। उहा त्यहाँ हुनुहुनेछ। हो। जब अन्धकार म देख्दछु, उहा मलाई त्यहाँ पर्खिरहनु हुनेछ, मैले यर्दन एक्लै तर्न पर्नेछैन। यदि म अहिले उहाको निम्ति खडा भए भने, उहा मेरो निम्ति त्यस बेला खडा हुनुहुनेछ। म उहाको निम्ति जिउनेछु जो मेरो निम्ति मर्नुभयो, त्यसबेला कती खुसी हुनेछ मेरो जीवन। त्यहि तरिकामा म उहाको निम्ति खडा हुन चाहन्छु।

178 मलाई लाग्छ यहानिर बिमार मानिसहरु हुनुहुन्छ। के उहाले केहि

कार्डहरु दिनुभयो? मैले बिर्सिए। के तिनीहरुले कार्डहरु दिनुभयो? कसैले प्रार्थनाको कार्ड पाउनुभएको छ? छैन।

179 म मात्रै पवित्र आत्मालाई पर्खिरहेको छु। यदि तपाईले केवल विश्वास गर्नुभयो भने, केवल विश्वास राख्नुहोस्, संखा नगर्नुस्। यदि परमेश्वरले मलाई तपाईको समस्याहरु प्रकट गर्न सक्नुहुन्छ...त्यो जे सुकै हुनसक्छ, म जान्दिन; यदि तपाईले आफ्नो हात उठाउनुहुन्छ भने, तपाईले मलाई चिन्नुहुदैन र मैले तपाईलाई चिन्दिन। तब यदि परमेश्वरले यहाँ प्रकट गर्नुहुन्छ भने, के तपाई विश्वास गर्नुहुन्छ कि यो त्यहि स्वर्गदुत हो जसले केवल विनाश हुनु भन्दा अगाडि संदेश ल्याएको थियो, यो त्यहि स्वर्गदूत हो जसले अर्को विनाश आउनुभन्दा अगाडि यो संदेश ल्याएको छ। के तपाई यो विश्वास गर्नुहुन्छ? यदि तपाई गर्नुहुन्छ भने, तपाईको हात उचाल्नुहोस्। ठिक छ। ठिक छ, प्रभुले यो प्रदान गर्नुभएको होस्।

180 उहा मेरो नजिकै बसिरहनुभएको छ। त्यहाँ अर्को एकजना हुनुहुन्छ जो मेरो नजिक बसिरहनुभएको छ, जो श्रीमती स्नाईडर हुनुहुन्छ यहाँ, वा यो श्रीमती मर्फी हुनुहुन्छ यहाँ, उहाको नाउ के हो, जो त्यहाँ बसिरहनुभएको छ। म तिनीहरुलाई जान्दछु।

181 यो पुरुषलाई म चिन्दिन, मेरो लागि उहा एउटा अन्जान व्यक्ति हुनुहुन्छ। तर परमेश्वरले उहालाई चिन्नुहुन्छ। यदि परमेश्वरले अहिले प्रकट गर्नुभयो भने, कति जनाले जान्नुहुन्छ कि यो होइन...

182 मलाई नहेर्नुहोस्। मेरो, म केन्टकिको डाँडाको केटा बिल्ली हुँ, जत्ति पनि सरोकार राख्छ त्यहि नै हो। म—म संग पर्याप्त शिक्षा समेत छैन, मेरो आफ्नै नाम पनि बल्लतल्ल गाह्रो संग लेख्न सक्छु। तर त्यहाँ एउटा कुरा छ जुन म जान्दछु, मैले उहालाई चिन्दछु। र त्यो, त्यहि नै सबैकुरा हो जुन जान्न म वास्ता राख्छु। अब, मेरो व्याकरणमा कुनै पनि ध्यान नदिनुहोला।

183 र तपाईले सोच्नुहोला कि यस बिहानीको मेरो प्रवचन पुरै रेखा वा सबैकुराबाट बाहिर थियो, एउटा समयमा तपाईले बाईबलको रेखामा मिलाउनुस् र हेर्नुहोस् यदि तपाई सून्य निसानामा सहि हुनुहुन्छ वा गलत। हेर्नुहोस् यदि तपाईलाई फाइदा छ त्यसभित्र जब तपाई—जब तपाई त्यसमा राख्नुहुन्छ। तपाईको आफ्नै विचारहरुसंग नमिलाउनुस्, तर उहाले के भन्नुभएको छ त्यससंग मिलाउनुहोस्। "बाटो कठिन छ, बाटो साँघुरो छ, र त्यहाँ थोरै मात्रै छन् जसले त्यो भेट्टाउनेछन्; किनभने विनाशमा

पुर्याउने बाटो फराकिलो हुन्छ, र फराकिलो ढोकामा धेरै जना जानेछन्।" लाखौ गुणा लाखौ त्यहाँ जानेछन्। दस लाखमा एक नै सम्भावित बाटो हुन आउनेछ। त्यहाँ तपाई हुनुहुन्छ। त्यहि नै हो जो उहाले भन्नुभयो। अब, उहाले कहिल्यै त्यो संख्या दिनुहुन्न, तर उहाले भन्नुभयो, "जस्तो नोआको दिनमा थियो, केवल आठ ओटा प्राण। जस्तो सोदोमको दिनमा भएको थियो त्यस्तै, केवल तिनजना।" सबै मध्येबाट मात्रै तिन जना बाचेका थिए आगो बाट। त्यस्तै नै हुनेछ।

184 अब, यदि कोहि वास्तवमै आत्मिक छ भने, म तपाईलाई यहाँ बसिरहनुभएको व्यक्तिलाई हेर्नको निम्ति भन्दछु, उहाले मलाई हेर्न सक्ने सम्मको एकोहोरो हेरीरहनु भएको छ। उहाले आफ्नो हात उचाल्नुभयो, मैले उहालाई चिन्दिन, कहिल्यै उहालाई देखेको छुइन, र मलाई उहाको बारेमा केहि पनि थाहा छैन। उहाले मात्रै त्यहाँ बसी मलाई हेरिरहनुभएको छ। तर, हेर्नुहोस्, उहाले एउटा सम्पर्क बनाउदै हुनुहुन्छ, उहाले प्रार्थना गर्दै हुनुहुन्छ। अब, त्यो सहि हो। अब, यदि प्रभुले मलाई भन्नुभयो भने... त्यस व्यक्ति जो मबाट त्यति टाढा बसिरहनुभएको छ, र यो हाम्रो पहिलो भेट हो, र त्यहाँ उहा बस्नुभएको छ। यदि प्रभुले मलाई प्रकाश दिनुभयो भने के उहाले—के उहाले...म—मैले उहालाई चंगाई गर्न सक्दिन। मैले सक्दिन, मैले त्यो गर्न सक्दिन, किनभने परमेश्वरले पहिले नै त्यो गर्नुभएको छ। तर यसले तपाईको विश्वासलाई बढाउछ। सबैजनाले अहिले देख्नुहुन्छ, उहा ठिक यहाँ हुनुहुन्छ, केवल उहि आत्मा। र याद गर्नुहोस्, येशूले प्रतिज्ञा गर्नुभयो, यो अन्तको समय भन्दा अगाडि। यो सधै अन्तिम चिन्हको रूपमा भएको छ।

185 केहि दिन पहिले, लियो र म सडकमा बसिरहेका थियौ, र हामीहरु मध्ये कोहि बोल्दै थियौ। र मलाई मनमा महसूस भईनै रह्यो कि केहि बद्‌लाव आउनेवाला छ, एउटा बदलाव आउदै थियो। जब हामीले त्यसको बारेमा बोल्यौ, यो सेवकाईमा बद्‌लाव होइन, किनकि अब हुनै सक्दैन, तर यो ममा चाहि बदलाव हुनेछ। म सधै एउटा कमजोर व्यक्ति रहेको छु र मात्रै मानिसहरुलाई मलाई अगुवाई गर्नलाई दिन्थे र डोहोर्याउन दिन्थे, र *यो* बाटो र *त्यो* बाटो पठाउन दिन्थे। प्रभुले गर भन्नुभएको कुरा यदि मैले धेरै समय अगाडि गरेको भए, म आज भएको समस्यामा हुनेथिईन। म आउने अर्को हप्तामा परमेश्वरसंग एक्लै हुन बाहिर जादै छु। हो, श्रीमान्। मैले—मैले

स्वर्गबाट सुन्नुनै पर्दछ। म एउटा कमजोर व्यक्ति हुन चाहन्न, म मेरो आफ्नै प्रतिवद्धतामा खडा हुन चाहन्छु।

186 एउटा मानिस, यो ठिक उसको पछि आइ नै रहन्छ, उहा ठिक पछाडि बसिरहनुभएको छ, किनभने त्यो व्यक्ति विश्वास गर्दै हुनुहुन्छ, उहा वास्तवमै विश्वास गर्दै हुनुहुन्छ। मैले दर्शकहरुलाई जतातते हेरे, र यो ठिक त्यहि व्यक्तिको मा झर्दछ। उहाको आवश्यकता छ, उहामा बोझ छ, तर उहामा कसैको लागि बोझ छ। त्यो सहि हो। तपाई कसैको निम्ति प्रार्थना गर्दै हुनुहुन्छ। तपाइको हृदयमा कोहि हुनुहुन्छ। त्यो सहि हो, होइन त? त्यो एउटा तपाईको साथी हो। यदि मैले तपाईलाई भनिदिए भने कि त्यो साथीसंग के कुरा छ भनेर, के तपाईले विश्वास गर्नुहुन्छ कि म परमेश्वरको दास हुँ भनेर? उहा जडिया हुनुहुन्छ। त्यो सहि हो। यदि त्यो सहि हो भने तपाईको हात उचाल्नुहोस्।

187 के तपाई विश्वास गर्नुहुन्छ? यहानिर कसैले आफ्नो हात उठाउनुभएको छ, यहाँ पछाडि एकजना महिला हुनुहुन्छ, कोहि हुनुहुन्छ। हो। हो। तपाईले मलाई चिन्नुहुदैन? म तपाईहरु सबै जनाको निम्ति एउटा अन्जान हुँ? मैले तपाईलाई चिन्दिन, तर परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? तपाईको हृदयमा के छ यदि परमेश्वरले मलाई थाहा दिनुभयो भने, के म उहाको दास हुँ भनि तपाईले विश्वास गर्नुहुन्छ? सानी केटि, तपाईको समस्या के छ भने त्यो सानो बच्चा हो। त्यो सही हो। र त्यस बच्चालाई उसको अनुहारमा रातो चिलाउने डाबर भएको छ। चिकित्सकले यसको विषयमा केहि गर्न सक्दैनन्। तपाई एउटा अन्जान हुनुहुन्छ यहा, तपाई र प्यारो मान्छे त्यहाँ बसिरहनुभएको छ। तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाई को हो वा तपाई कहाँबाट आउनुभयो भनि मलाई थाहा दिनुहुन्छ भनि? तपाई यो विश्वास गर्नुहुन्छ? यदि उहाले गर्नुभयो भने बच्चाको चंगाईलाई तपाई स्वीकार गर्नुहुन्छ? [स्त्रीले भन्नुहुन्छ, "गर्छु।"—सम्पा] ठिक छ, तपाई सोमरसेटमा फर्केर जानसक्नुहुन्छ, केन्टकिमा, जहाँबाट तपाई आउनुभयो। र विश्वास गर्नुहोस् कि उ निको हुनेछ, तपाईको रातो चिलाउने डाबर बच्चालाई छोड्नेछ यदि तपाईले विश्वास गर्नुभयो भने।

188 जब मैले त्यो शब्दलाई उल्लेख गरे, कोहि त्यो भवनको पछाडि त्यहाँ उभिरहनुभएको छ, जो सोमरसेट, केन्टकिबाट हुनुहुन्छ, प्रार्थना गर्दै हुनुहुन्छ, जो मुटुको समस्यामा हुनुहुन्छ। तपाई विश्वास गर्नुहुन्छ कि

परमेश्वरले निको पार्नुहुन्छ? यदि तपाईले यो तपाईको सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ, र परमेश्वरले निको र ठिक पार्नुहुन्छ भनि विश्वास गर्नुहुन्छ भने।

189 यहाँ, यहानिर, म विश्वास गर्छु कि कसैको हात ठिक यहाँ संगै माथि आएको छ यहाँ, ठिक यहाँ आएको छ। हो, मैले तपाईको हात देखेको छु। के म तपाईको लागि एउटा अन्जान व्यक्ति हुँ, महिला? म तपाईलाई चिन्दिन। हामीले पहिले कहिल्यै भेटेका छैनौ। के तपाई म उहाको दास हुँ भनि विश्वास गर्नुहुन्छ?[महिलाले भन्नुहुन्छ, "हो।"—सम्पा] तपाई विश्वास गर्नुहुन्छ? तपाईको हृदयमा एउटा बोझ छ, वा कुनै कुराको छ। यदि परमेश्वरले मलाई प्रकट गर्नुभयो भने मलाई विश्वास गर्नुहुन्छ, तपाईले विश्वास गर्नुहुन्छ यो उहि आत्मा हो जुन ख्रीष्टमा थियो? तपाईको श्रीमान् त्यहाँ बसिरहनु भएको छ, उहाले पनि उहि कुरा विश्वास गर्नुभएको छ? के तपाईले उहि कुरा विश्वास गर्नुहुन्छ? यो तपाईको सानी छोरीको बारेमा हो जो तपाईको अर्को पट्टि बसिरहेकि छिन्। त्यो सहि हो, उसलाई क्यान्सर भएको छ। तर के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले उहालाई निको पार्नुहुन्छ भनि? यदि तपाई विश्वास गर्नुहुन्छ भने हात उचाल्नुहोस्। ल ठिक छ, तपाईको हात बालिका माथि राख्नुहोस्।

190 प्रभु येशू, तपाईको आत्माको उपस्थितिमा, त्यो दुष्टलाई इन्कार गर्दछु जसले ती बालिकालाई मार्दै छ। म विश्वासद्वारा, येशू ख्रीष्टको रगत त्यस हत्यारा र बालिकाको बीचमा स्थापित गराउदछु। उसलाई जिउन दिनुहोस्। आमेन।

191 परमेश्वरमा विश्वास राख्नुहोस्। संखा नगर्नुस्। "यदि तपाईले विश्वास गर्नसक्नुभयो भने सबैकुरा सम्भव छ।" यदि तपाईले विश्वास गर्नसक्नुभयो भने सबै कुरा सम्भव छ। साचो रूपमा।

192 त्यहाँ पछाडि कसैले हात उचाल्नुभएको छ, कुनै ठाउमा, तपाई, एकजना महिला उता अन्तिम तिर। तपाई विश्वास गर्नुहुन्छ कि म परमेश्वरको दास हुँ भनि? म तपाईलाई चिन्दिन, तपाईले मलाई चिन्नुहुन्न। तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले मलाई तपाईको समस्या के हो भनि प्रकट गर्न सक्नुहुन्छ? के तपाई स्वीकार गर्नुहुन्छ कि येशू तपाईको चंगाईदाता र जुटाउनुहुने हुनुहुन्छ भनि, जे सुकै हुन सक्छ—यो जे पनि हुनसक्छ...? तपाईले तब विश्वास गर्नुहुन्छ त? ठिक छ, तपाईको त्यो अत्तालिने रोग

भएको थियो, त्यहि नै तपाईलाई भएको थियो। यदि त्यो सहि हो भने, तपाईको पाउमा खडा हुनुहोस्, यदि त्यो हो भने, केवल त्यो मानिसहरुले देख्नेछन् यो सत्य हो भनि। ठिक छ, तपाईलाई त्यसले अहिले नै छोड्ने छ। तपाई घर जानुहोस् र निको हुनुहोस्। परमेश्वरले तपाईलाई आशिष दिउन्।

तपाई पनि केन्टकिबाट हुनुहुन्छ। अह, त्यो सहि हो।

193 तपाईको छेउमा बस्नुहुने महिला पनि केन्टकिबाट हुनुहुन्छ। उहा पनि हुनुहुन्छ। मैले तपाईलाई चिन्दिन, चिन्छु र? तर मैले भन्नसक्छु कि तपाईमा केहि खराबी छ। यदि मैले तपाईमा के खराबी छ त्यो भनिदिए भने तपाई ख्रीष्टलाई तपाइको चंगाईदाता हुनुहुन्छ भनि स्वीकार गर्नुहुन्छ? त्यो तपाईको कम्मरमा छ। यदि त्यो सहि हो भने, तपाईको हात उचाल्नुहोस्, धेरै माथि उचाल्नुहोस् ताकि मानिसहरुले देख्न सकून्। ठिक छ, घर जानुहोस् र त्यसले तपाईलाई छोडेको हुनेछ। तपाईको विश्वासले तपाईलाई निको पार्छ।

म तपाईलाई विश्वासलाई विश्वास गर्नको निम्ति चुनौती दिदछु।

194 यहा एकजना महिला हुनुहुन्छ, प्रार्थना गर्दै हुनुहुन्छ, उहाको रुमाल उहाको मुहारमा भएको पाएको छु। मैले तपाईलाई चिन्दिन। परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। तपाई जोलिएट, इलिनोइस बाट हुनुहुन्छ र तपाईलाई ट्युमर भएको छ। त्यो वास्तवमै सहि हो। तपाईलाई अचम्म लाग्न सक्ला... (हो, उहा हुनुहुन्छ महिला रोसेल्ला ब्रट। त्यो सहि हो। पर्खनुस्, उहाले मलाई यो विषयमा भन्नुभएको थियो, तर उहालाई कहिल्यै थाहा थिएन कि मैले यस महिलालाई कहिल्यै चिनेको थिईन। त्यो साचो हो। केवल महिलाको विश्वास बलियो थियो रहेछ।) म तपाईलाई एउटा कुरा भन्नेछु जुन तपाईलाई थाहा छ तर मलाई थाहा छैन। तपाई त्यस पछाडि अन्तिमको कुर्सीमा बसिरहेको बच्चाको निम्ति प्रार्थना गर्दै हुनुहुन्थ्यो। त्यो तपाई को बच्चा हो। त्यो सहि हो। आमेन। मलाई थाहा थिएन भन्ने कुरा तपाई जान्नुहुन्थ्यो।

195 त्यहाँ यो छ, यो पवित्र आत्मा हुनुहुन्छ! तपाई यो विश्वास गर्नुहुन्छ? तपाई यो स्वीकार गर्नुहुन्छ? यदि यो सहि हो भने, मैले के विषयमा भने, "ढोका कठिन छ, र बाटो साँघुरो छ" यो सहि हो। येशू ख्रीष्ट, परमेश्वरको पुत्र, उहा ठिक अहिले यहाँ हुनुहुन्छ। जीवित परमेश्वरको आत्मा ठिक अहिले यहाँ हुनुहुन्छ। तपाईले यो विश्वास गर्नुहुन्छ? त्यसो हो भने, तपाईलाई जानकारी दिन्छु, कि म कोहि पनि होइन चंगाई गर्नलाई, म एउटा चंगाईदाता

होइन, तर परमेश्वरको आत्माले केवल मलाई चुन्नुभयो आफुलाई प्रकट गर्नको निम्ति। मसंग कुनै पढाई छैन। मसंग कुनै कुराको ज्ञान छैन। तर यो उहाको आत्मा हो जसले यसो गर्दछ, तपाईले देख्नुहुन्छ, र उहाले तपाईले यो जानेको चाहनुहुन्छ कि मैले तपाईलाई सत्य कुरा भनिदिएको छु।

196 यो सत्य हो, कि येशू ख्रीष्टले तपाईहरु प्रत्येकलाई ठिक अहिले निको पार्नुहुन्छ यदि तपाईले त्यो विश्वास गर्नुहुन्छ भने। अब मात्र...यदि यसले किंगस्टनमा काम गर्छ भने, जहाँ मिसनरीहरु, वा जो कोहि पनि हुनुहुन्छ पछाडि त्यहाँ, किंगस्टनमा यसले काम गरेको देख्नुभएको छ, हजारौ निको पारिएको छ, किन यसले यहाँ अमेरीकामा काम गर्दैन जहाँ हामी जस्तो छौ त्यस्तै आउछौ? किन हामीले यो विश्वास गर्नसक्दैनौ? किनकि हामीले त्यो सानो चिजलाई पार गर्न सक्दैनौ। तपाई विश्वास गर्नुहुन्छ? तपाईको हातहरु उचाल्नुहोस्।

197 अब, ती उहि हातहरु, तपाइको छेउको एकअर्कामा राख्नुहोस्, उहालाई ठिक यहाँबाट मलाई प्रार्थना गर्न दिनुहोस्, र तपाईको हृदयमा कत्ति पनि संका आउन नदिनुहोस्, यसले सबै समापन गर्छ।

198 ओ, मेरो, भाई नेभिल! कसरी मैले इच्छा गरेको थिए, कसरी मैले प्रार्थना गरेको थिए, कसरी...तपाईले सोच्नुहुन्छ होला, म मेरै पछाडि; म त्यस्तो छुइन, म जान्दछु कि म ठिक कहाँ छु। यदि मैले केवल यो सानो कुरा तपाईमा ल्याउन सके भने! तपाई जान्नुहुन्छ कि येशू ख्रीष्ट, परमेश्वरको पुत्र, यस बिहानीमा यहाँ मानिसहरुको माझमा हुनुहुन्छ, ठिक अहिले, अहिले उपस्थित हुनुहुन्छ, आफैलाई देखाउदै हुनुहुन्छ?

ठिक छ, तपाईले भन्नुहुन्छ, "भाई ब्रन्हाम, *तपाईले* त्यो भन्नुभयो।"

199 कसरी मैले त्यो भने? म तपाईलाई चिन्दिन। त्यहाँ अर्कि महिला हुनुहुन्छ जसले क्षयरोग भएको छ। तपाई निको हुनुभएको छ, बहिनी। तपाईलाई आशिष होस्। म माफी चाहन्छु, तपाईले एउटा महिला जसलाई क्षयरोग छ उहासंग प्रार्थना गर्दै हुनुहुन्थ्यो, किनकि उहा खैरो कपालको शिर भएको महिला हुनुहुन्छ। हो, ठिक छ, यसलाई विश्वास गर्नुहोस्। ठिक छ। उहा यहाँ हुनुहुन्छ। यो उहाको उपस्थिति हो।

200 अब, यहाँ उहाले के भन्नुभएको छ, "विश्वास गर्नेहरुमा यो चिन्ह हुनेछ। यदि तिनीहरुले आफ्नो हात बिरामीहरु माथी राखे भने, तिनीहरु निको

हुनेछन्।” उहाले कसरी झुटो बोल्नसक्नुहुन्छ र? बुझ्नुभयो, यो उहामा होइन, यो ममा होइन, अब यो तपाईमा हो। अब तपाई विश्वास गर्नुहोस्।

201 म महिलालाई हेरिरहेको छु जो भर्खरै त्यहाँ पछाडि बस्नुभयो, उहामा धेरै विश्वास छ। उहा र उहाको श्रीमान् भर्खरै प्रभुमा नया आउनुभएको हो। उहा ठिक यस सभामा बस्नुभएको थियो, र एउटा चिरफार भएको थियो जुन चिकित्सकले उहामा अगाडि शैल्य गर्न लागेको थियो, र उहाको बच्चा पनि जन्मन तयार थियो। र चिकित्सकले त्यसपछि शैल्य गर्नेवाला थियो, तर बच्चा जन्मियो र तिनीहरुले कुनै हर्निया भेटेनन्। त्यो सबै गयो। बुझ्नुभयो? किन? किनकि उहा केवल त्यसरी बस्नुभयो...उनी कहिल्यै पनि त्यसरी यहाँ माथि मंचमा हुनुहुन्न थियो। उहा केवल त्यहाँ पछाडि बस्नुभयो र यसलाई विश्वास गर्नुभयो। के यो सहि हो, श्रीमती. ग्रिन, मैले यहि विश्वास गर्छु, त्यहा पछाडि? त्यो सहि हो। उहाको हात हेर्नुहोस्? चिकित्सकले केहि टुटेको समेत पाउन सकेका छैनन्, त्यो सबै गैसक्यो। किन? उहाले विश्वास गर्नुभयो, केवल त्यहाँ बाट निस्किनुभयो र भन्नुभयो, “यो ठिक भएको छ”

202 अब तपाईले पनि उहि गर्नुहोस्, र सबै कष्ट जुन तपाईले पाउनुभएको छ त्यसले तपाईले छोड्नेछ। परमेश्वर, कसले सक्छ—कसले एउटा मानव शरीर केहि पठाउन सक्छ, त्यो सर्प को टोकाईको मनोलिला जुन मानिसको पाउमा थियो, विषालु, उसलाई मर्नको निम्ति, र त्यसले बन्द गर्न सक्थ्यो र ठिक त्यहि मर्न सक्थ्यो, कति धेरै उहाले तपाईको शरीर भित्रको बिमारलाई मार्न सक्नुहुन्छ? किनभने, त्यस व्यक्ति कति आपत् मा थियो र उसलाई मद्धतको जरूरी थियो। तपाईमा पनि त्यो हुनुपर्छ। यदि तपाईमा त्यो भएन भने तपाई मर्नुहुन्छ।

203 अब तपाईहरु को हात एक अर्कामा राख्नुहोस्। तपाईहरु आफ्नो लागि प्रार्थना नगर्नुस्, तपाईको छेउमा भएको व्यक्तिको निम्ति प्रार्थना गरिदिनुहोस्। त्यो इसाई तरिका हो।

204 यो सिक्नुहोस्, यो सिक्नुहोस्, त्यो, जसै तपाईले अरुको निम्ति गर्नुहुन्छ, तपाईले ख्रीष्टको निम्ति गर्नुहुन्छ। जब तपाई कसैको निम्ति असल बनिदिनुहुन्छ, तपाई ख्रीष्टको निम्ति असल बनिदिनुभएको हुन्छ। यदि तपाईले कसैलाई दुर्व्यवहार गर्नुहुन्छ, तपाईले ख्रीष्टलाई दुर्व्यवहार गर्नुहुन्छ। ओ, मेरो।

205 ओ, यदि मैले यहि मात्र जानलाई दिन सके भने, यदि मैले केवल मानिसहरुले देख्न सक्ने बनाउन सके, के मा मैले हेर्दैछु र के मैले अनुभव गरिरहेको छु, र जे म जान्दछु जुन अहिले भईरहेको छ, बुझ्नुभयो। कसरी ख्रीष्टले यस बिहानीमा यस संदेशलाई दिदै हुनुहुन्छ, ताकि ठिक मानिसहरुको हृदयसम्म पुर्याउनको निम्ति र त्यहाँ केहि सिर्जना गर्नको निम्ति; कुनै उत्तेजना होइन, कुनै भावना होइन (यो त्यसै संग आउछ), तर त्यहाँ इन्कार गर्न नसकिने विश्वास सिर्जना गर्नको निम्ति जसले भन्दैन कि, शत्रुलाई एक इन्ची देउ।

206 अब, उहाले मेरो प्रार्थना सुन्नुहुनेछ, उहाले तपाईको प्रार्थना सुन्नुहुनेछ। मैले तपाईहरु सबैको निम्ति प्रार्थना गर्दै गर्दा, अहिले तपाई एक अर्काको निम्ति प्रार्थना गर्नुहोस्।

207 ओ प्रभु, यो महान् नाजुक पलमा. हामी जान्दछौ कि यसले धेरैमा मृत्यु र जीवनको भिन्नताको अर्थ राख्ने गर्छ। र म तपाईको उपस्थितिमा काम्दछु, किनकि म जान्दछु, प्रभु परमेश्वर, कि मैले मेरो पूर्ण हृदयले प्रार्थना गर्नु पर्दछ। म जान्दछु कि हुनसक्छ यदि आउने पाच मिनेटमा त्यहाँ कुनै पनि विमार मानिस हाम्रो माँझमा नभए तापनि, कि यहाँ भएका प्रत्येक मानिसले जान्नेछन् कि तपाई यहाँ हुनुहुन्छ। यहाँ तिनीहरु यस बिहानीमा खडा हुन्छन्, प्रभु। तिनीहरु मानिसहरुलाई हात उचाल्न दिनुहोस् जसले जान्दछन् कि मैले तिनीहरुलाई चिन्दिन, र तिनीहरुको बारेमा केहि पनि जान्दिन। तर तपाईको आत्माले तिनीहरुलाई जान्दछ। तपाईले तिनीहरुको हृदयको गुप्तको कुरा जान्नुहुन्छ, अझै कति धेरै तपाईले तिनीहरुको कष्ट र भोगाई लाई जान्नुहुन्छ! त्यसैले, प्रभु, आज यो हुन दिनुहोस्, अहिले नै तपाईको आत्माले तिनीहरुको बिमार शरीरहरुलाई छुनुभएको होस्। प्रदान गर्नुहोस्, प्रभु। तिनीहरुले एकले अर्कालाई प्रार्थना गरिरहेका छन्।

208 र म प्रार्थना गर्छु, प्रिय परमेश्वर, कि पवित्र आत्माले तिनीहरुमा यति वास्तविक बनाईदिनुहुनेछ, कि तिनीहरुले अबबाट कहिल्यै पनि अविश्वास गर्ने छैनन्। र त्यहाँ अर्को विमार छ, प्रभु, जुन यो भौतिक शरीरको बिमार भन्दा कहिँ ज्यादा ठुलो छ, जुन आत्मिक बिमार हो। प्रत्येक हृदय खोलिन सकोस्।

209 प्रभु, यो कसरी हुनसक्छ कि तपाई अब्राहामको छेउमा उभिनुभयो, र त्यहि कुरा गरेर देखाउनुभयो, सारालाई भन्नुभयो जो तपाईको "पछाडि"

थिईन्, धर्मशास्त्रले भन्छ कि, “पाल भित्र उनी हासिन्” र उनलाई तपाईले भन्नुभयो। र अब्राहामले त्यो त्यो एलोहिम हो भनि जाने, जो माहान् परमेश्वर हुनुहुन्छ। र केहि मिनेट पछि तपाई उसको दृष्टिबाट गायब हुनुभयो।

210 र, प्रभु, जब येशू खडा हुनुभयो र उहि काम गर्नुभयो, र भन्नुभयो, “तिमीहरुले अब्राहामलाई ‘पिता,’ भन्छौ र पनि तिमीहरु भन्छौ तिमीहरु धर्मशास्त्र जान्दछौ।” भन्नुभयो, “तिमीहरु भ्रममा छौ, तिमीहरु धर्मशास्त्र जान्दैनौ नत परमेश्वरको शक्तिलाई नै जान्दछौ।” र तिनीहरुले उहालाई “बालजिबुल” भने।

211 तर तपाईले प्रतिज्ञा गर्नुभयो कि अन्तिम दिनहरुमा फेरी पनि तपाईले आफ्नो आत्मा खन्याउनुहुनेछ। अगमवक्ताले भन्नुभयो, “साँझको बेलामा त्यहाँ उज्यालो हुनेछ।” र आज हामी यहाँ छौ।

212 जब यो नाजायज संसार पापको मुनि गिर्दै छ, जस्तो कि एउटा मात्तिएको मान्छे राति घर जादा हल्लिन्छ, छिट्टैनै उसलाई बीचमा उडाई दिईनेछ, त्यहाँ ज्वालामुखीको धूलो समेत हुनेछैन, गार्हो संग त्यो छुट्टिने छ। र हामीले देख्छौ कि समय बित्दै गएको छ।

213 ओ परमेश्वर, प्रत्येक संका हामीबाट हटाईदिनुहोस्। अहिले हामीलाई आवर्तन गरि चलाउनुहोस्। आउनुहोस्, पवित्र आत्मा। तपाईको महान् पखेटाले पकड्नुहोस्, ठिक अहिले यस सानो समूहमा चिन्तन गर्नुहोस्, र आफैलाई तिनीहरुको हृदयमा भिजाउनुहोस्, र तिनीहरुलाई थाहा दिनुहोस् कि तपाई दिव्य उपस्थितिमा हुनुहुन्छ भनि, कि त्यो तपाई हुनुहुन्छ, “म परमप्रभु हुँ जसले तेरो सबै रोगबाट चंगाई दिदछु।” र हुंसकोस् कि तपाईको उपस्थितिले तिनीहरुको हृदयमा केहि गरेको होस् जसले तिनीहरुमा यस बिहानीमा यहाँबाट गएर तिनीहरुमा भएका सबैकुरा विश्वास गर्नसकून्। र सबै बिमारी र दुखि व्यक्ति निको भएका हुन्।

214 किनकि, तपाईको दासको रूपमा, म यहाँ खडा हुन्छु र प्रत्येक दुष्टलाई हकार्दछु, बिमारलाई निन्दा गर्दछु, शैतानलाई इन्कार गर्दछु।

215 त हारेको छस् र त केहि होइन तर एउटा छलकर्ता होस्। र हामी तपाईको हातलाई यस बिहानीमा बोलाउदछौ, येशू ख्रीष्टको नाउमा। र उहाको दासको रूपमा, उहाको वचन प्रचार गर्दै र मानिसहरुलाई सत्यता बताउदै, ताकि सहि बनाउन र परमेश्वरको वचनसंग मिलाउन, म तँलाई इन्कार गर्दछु, शैतान, येशू ख्रीष्टको नाउमा। यी प्रत्येक मानिसहरुबाट

निस्की जा जो चन्गाई हुनको निम्ति टाढा र नजिक बाट आएका छन्। त यस दर्शक र मानिसहरुबाट निस्की जा। म जीवित परमेश्वरको शपथ खाएर भन्दछु। र बाईबलले भनेको छ, “धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।” र धेरै धार्मिक मानिसहरुको हात बिमारी माथी राखिएको छ, यहाँ यस बिहानीमा। ओ, शैतान, तैले तिनीहरुमा यो म हुँ भनि सोच्ने बनाउन खोज्छस्, त्यसपछि तैले तिनीहरुबाट त्यो महिमा लिन्छस्। तर यो परमेश्वर प्रतिको तिनीहरुको विश्वास हो, तिनीहरुले परमेश्वरमा विश्वास गर्छन्! र त त्यहाँबाट निस्किनुपर्छ, तिनीहरुको विश्वास द्वारा हुन्छ। त्यसैले तेरो यात्रा यहाँबाट टाढा लि, र त्यो बाहिरी अन्धकारतिर जहाँको त होस्। म तलाई इन्कार गर्दछु, येशू ख्रीष्टको नाउमा, परमेश्वरको बाईबलको अधिकारद्वारा, मेरो आज्ञा जुन स्वर्गदूतद्वारा दिईयो। अब जा, येशू ख्रीष्टको नाउमा, र तिनीहरुलाई स्वतन्त्र छोडिदे। आमेन।

216 तपाईको पूर्ण हृदयले विस्वास गर्नुहुन्छ, कि तपाई निको हुनुभएको छ भनि? तपाईको हात उचाल्नुहोस्, भन्नुहोस्, “म अब येशू ख्रीष्टलाई मेरो चंगाईदाताको रुपमा स्वीकार गर्छु। सबै छायामा बाट हराएको छ। म अब उहालाई उहाको पूर्ण शक्ति स्वीकार गर्छु, उहाको आशिषित उपस्थितिमा म उहालाई स्वीकार गर्छु।”

मेरो विश्वासले तपाईतिर हेर्दछ,
तपाई कलवरीको थूमा,
दिव्य मुक्तिदाता;
अब सुन्नुहोस् जसै म प्रार्थना गर्दछु
मेरा सबै पापहरु हटाईदिनुहोस्,
न त कहिल्यै मलाई तपाईबाट,
भड्केर टाडा जान दिनुहोस्।

अब आउनुहोस् हाम्रो हातहरु वास्तवमै उहाको अगाडि मिठासपूर्ण रूपले उचालौं।

जब जीवन को अन्धकारको भूमरीमा म चल्दै थिए,
र मेरो चारैतिर दुख फैलियो,
तपाई मेरो मर्गदर्शक बन्नुहोस् (ओ परमेश्वर);

बोलि अन्धकार आज बदल्नुहोस्,
दुःख मेटाउनुहोस्, डर हटाउनुहोस्,
न त कहिल्यै मलाई तपाईबाट,
भड्केर टाडा जान दिनुहोस्।

[भाई ब्रन्हाम गुनगुनाउन थाल्नुहुन्छ *मेरो विश्वासले तपाईतिर हेर्दछ*—सम्पा]...अनुग्रहको धनि!

***कठिन ढोका*** NEP59-0301M

(Strait Is The Gate)

***मण्डली शृंखला***

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा आईतबार बिहानमा मार्च 1 मा, 1959 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2019 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.


For more information or for other available material, please contact:


Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org